# सामुदायिक वनको मार्गदर्शन, २०८१

नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालय

२०८१

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको (मन्त्रीस्तर) मिति २०८१/१२/२८ को निर्णयानुसार स्वीकृत

# विषयसूची


परिच्छेद १: सामुदायिक  वनको विकासक्रम ....७

२.१ समिति गठन तथा जिम्मेवारी बाँडफाँट ....११

२.२ उपभोक्ता घरधुरी र वनक्षेत्र पहिचान ....११

२.३ उपभोक्ता सशक्तीकरण ....१३

2.4 विपन्न, वञ्चित वर्ग र समान चाहना भएका समूहहरूको पहिचान ....१४

परिच्छेद ३: उपभोक्ता समूह गठन र दर्ता ....१५

३.१ जानकारी संकलन तथा विश्लेषण ....१५

३.२ समान चाहना भएका उपभोक्ताहरूबिच छलफल ....१५

३.३ विपन्न तथा महिला, दलित, मधेशी, आदिवासी जनजाति,  अपांगता भएका एवं पछाडि परेका वा पारिएका उपभोक्ताहरूसँग छलफल ....१६

३.४ अगुवा उपभोक्तासँग छलफल ....१६

३.५ गाउँबस्ती र टोल भेलामा छलफल ....१६

३.६ विधानको खाका तयारीको प्रकृया ....१७

३.७ विधानको मस्यौदा पारित ....१७

३.८ उपभोक्ता समूह दर्ता ....१८

३.९ वार्षिक साधारण सभाको प्रकृया ....१८

३.१० निर्वाचन प्रकृयाः ....२०

३.११ कोष परिचालन सम्बन्धी व्यवस्था ....२०

3.१२ राहत सम्बन्धी व्यवस्था ....२१

परिच्छेद ४: सामुदायिक वन कार्ययोजना तयारी र  वन हस्तान्तरण ....२३

४.१ कार्यतालिका तयारी ....२३

४.२ सहभागितामूलक स्रोत नक्सा तयारी ....२३

४.३ सहभागितामूलक वनस्रोत अवलोकन ........ २४
४.४ सामाजिक, आर्थिक तथा जैविक-भौतिक अवस्थाको विश्लेषण ........ २५
४.५ वन सिमाना सर्वेक्षण ........ २५
४.६ वन स्रोत मापन एवं विश्लेषण ........ २५
४.७ समान चाहना समूह तथा टोल छलफल ........ २७
४.८ आम भेला/साधारण सभाबाट कार्ययोजना अनुमोदन ........ २७
४.९ वन कार्ययोजना स्वीकृति र वन हस्तान्तरण ........ २८
५.१ वार्षिक योजना तर्जुमा र कार्यान्वयन ........ 29
५.२ सुशासन सुदृढीकरण ........ ३०
५.३ विपन्नमूखी जीविकोपार्जन ........ ३१
५.५ वनमा आधारित उद्यम विकास ........ ३३
५.६ सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम ........ ३५
५.७ वातावरणीय सेवा सुविधाको प्रवर्द्धन ........ ३५
५.८ जलवायु परिवर्तन अनुकूलन कार्यक्रम ........ ३६
५.९ उत्सर्जन न्यूनीकरण कार्यक्रम ........ ३६
५.१० सामुदायिक वनमा कृषि वन प्रणाली ........ ३६
५.११ अन्य निकायसँग समन्वय ........ ३९
५.१२ समूहको मानवीय तथा संस्थागत विकास ........ ३९
५.१३ समूह सञ्जाल निर्माण ........ ४०
५.१४ सहजकर्ता परिचालन ........ ४०
५.१५ वार्षिक साधारण सभा ........ ४०
६.१ कार्ययोजना संशोधनका लागि वर्गीकरण तथा प्राथमिकता निर्धारण ........ ४१
६.२ विधान तथा कार्ययोजनाको समीक्षा ........ ४१

६.३ विधान तथा कार्ययोजना संशोधन ........ ४२
६.४ संक्षिप्त कार्ययोजना सम्बन्धी प्रावधान ........ ४३
६.५ सामुदायिक वन क्षेत्र एकीकृत व्यवस्थापन ........ ४४
६.६ सामुदायिक वन टुक्रयाउन सकिनेः ........ ४४
६.७ साधारण सभामा संशोधित विधान तथा कार्ययोजना अनुमोदन ........ ४५
६.८ डिभिजन वन कार्यालयबाट संशोधित विधान स्वीकृति ........ ४५
६.९ डिभिजन वन कार्यालयबाट संशोधित कार्ययोजना स्वीकृति ........ ४५
७.१ सामुदायिक वन उपभोक्ता समूह ........ ४६
७.२ सामुदायिक वन उपभोक्ता समूहको कार्यसमिति ........ ४६
७.३ सहजकर्ता ........ ४७
७.४ सवडिभिजन वन कार्यालय, डिभिजन वन कार्यालय ........ ४८
७.५ समूह सञ्जाल ........ ४८
७.६ गैरसरकारी संस्था ........ ४९
७.७ स्थानीय तह ........ ४९
७.८ वनसँग सम्बन्धित परियोजना ........ ५०
७.९ सरकारी निकाय (संघीय/प्रादेशिक) ........ ५०
परिच्छेद ८: अनुगमन र मूल्याङ्कन ........ ५२
८.१ आन्तरिक अनुगमन तथा मूल्याङ्कन ........ ५२
८.२ डिभिजन वन कार्यालयबाट अनुगमन तथा मूल्याङ्कन ........ ५३
अनुसूची १: घरधुरी सर्बेक्षण गर्दा जानकारी संकलन गर्ने फारम ........ ५४
अनुसूची 2: विपन्न, महिला, दलित, मधेशी, आदिवासी जनजाति, अपांगता भएका एवं पछाडि परेका वा पारिएका उपभोक्ताहरूका लागि केही लक्षित कार्यक्रम ........ ५५
अनुसूची 3: वनमा आधारित उद्यम विकासका क्रियाकलाप ........ ५६

अनुसूची 4:  वन कार्ययोजना तयारीको कार्यतालिका ........ ५७
अनुसूची 5:  सामुदायिक वनमा सञ्चालन गर्न सकिने सम्भाव्य कार्यक्रमहरूको सूची ........ ५८
अनुसूची 6: समुदायमा आधारित जलवायु परिवर्तन अनुकूलन सम्बन्धमा अवलम्बन गर्नुपर्ने प्रक्रियाहरू ..... ६४
अनुसूची 7: सामुदायिक वनको संक्षिप्त कार्ययोजनामा समावेश हुनपर्ने विषयहरु ........ ६५
अनुसूची 9: सामुदायिक वन कार्ययोजनाको मुखपृष्ठको ढाँचा ........ ६९
अनुसूची 1०: डि.व.का. द्वारा गरिने अनुगमन तथा मूल्याङ्कनको फाराम ........ ७०
अनुसूची 1१: सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय डाटाबेसको कोड नम्बर ........ ७६

# शव्दावली

**अगुवा** : सामुदायिक वन लगायतका विभिन्न विषयमा जानकार वा नेतृत्व वा मार्गदर्शन गर्न सक्ने उपभोक्ता सदस्य।

**जीविकोपार्जन** : जीवनयापनका लागि गरिने व्यक्तिको क्षमता विकास, स्रोत साधन माथि पहुँच र रोजगार तथा आयआर्जन वा व्यवसाय सम्बन्धी क्रियाकलापहरू।

**टाढाका वन उपभोक्ता** : वनको संरक्षण एवं व्यवस्थापनमा प्रत्यक्ष संलग्न हुन नसक्ने, तर वन पैदावारको लागि विभिन्न समय वा परिस्थितिमा सोही वनमा आश्रित सामुदायिक वनदेखि टाढा रहेका वन उपभोक्ता।

**उपभोक्ता** : परापूर्व कालदेखि स्थानीय परम्परा, जीविकोपार्जन, धर्म संस्कृति, रीतिरिवाज अनुसार निश्चित वनक्षेत्र उपभोग गर्दै आएका समुदाय वा घरधुरी।

**परामर्श** : सामुदायिक वन व्यवस्थापनका विषयमा सम्बन्धित स्थानीय तह तथा सरोकारवालासँग गरिने छलफल वा अन्तकृया।

**मन्त्रालय** : नेपाल सरकारको वन हेर्ने मन्त्रालय।

**वञ्चित वर्ग** : निर्णय प्रक्रिया र विकासका अवसरमा समावेश हुन नसकेका तथा स्रोतसाधन र अवसरहरुमा पहुँच नभएका वा कम पहुँच भएका वनमा आश्रित गरीव विपन्न वर्गका वन उपभोक्ताहरु।

**वन कार्ययोजना** : वातावरणीय, सामाजिक र आर्थिक सन्तलुन कायम राख्दै सामुदायिक वनको संरक्षण, व्यवस्थापनद्वारा प्राप्त वस्तु तथा सेवाहरूको उपयोग तथा बिक्री वितरणबाट उपभोक्ताहरूको जीविकोपार्जनमा सुधार गर्न वन उपभोक्ता समूहले तयार पारी समूहको आमभेला वा साधारण सभाबाट छलफल र पारित गरी डिभिजनल वन अधिकृतबाट स्वीकृत समूहको लिखित योजना।

**वन प्राविधिक** : वन उपभोक्ता समूहलाई सामुदायिक वन व्यवस्थापन गर्न प्राविधिक सहयोग, सल्लाह र तालिम दिन सक्ने वन विज्ञान अध्ययन संस्थानबाट प्रमाणपत्र प्राप्त व्यक्ति।

**वन व्यवस्थापन** : सामुदायिक वनको संरक्षण, संवर्द्धन र सदुपयोगका लागि वातावरणीय, सामाजिक र आर्थिक सन्तुलन हुने गरी वनको उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि गरिने दिगो वन व्यवस्थापनका क्रियाकलापहरु।

| | | |
|---|---|---|
| **वनस्रोत सर्वेक्षण** | : | वनमा पाईने वनस्पतिका संख्या, साईज, वन पैदावारको अवस्था आदिबारे जानकारी लिन वनमा गरिने नापजाँच र लेखाजोखा। यसबाट प्राप्त जानकारीका आधारमा वनको हैसियत, वृद्धिदर र वार्षिक रुपमा लिन सकिने वन पैदावारको परिमाण अनुमान गर्न सकिन्छ। |
| **विधान** | : | उपभोक्ता समूहले आफ्नो समूह र समूहका क्रियाकलापहरूलाई व्यवस्थित रुपले र सुशासन कायम हुनेगरी संचालन गर्न समूहले तयार परी आमभेला वा साधारण सभाले आमसहमतिमा वा दुई तिहाई बहुमतका आधारमा पारित गरी डिभिजनल वन अधिकृतबाट स्वीकृत समूहको लिखित नियम। |
| **विपन्न वर्ग** | : | सामाजिक, आर्थिक, भौतिक, मानवीय र प्राकृतिक स्रोत साधन तथा निर्णय प्रक्रियाको पहुँच तथा नियन्त्रणका आधारमा पछाडि परेका वा पारिएका वन उपभोक्ताहरू। |
| **समृद्धि वृक्षारोपण** | : | सामुदायिक वनको पुनरुत्पादनमा सुधार ल्याउन गरिने थप वृक्षारोपण। |
| **सकारात्मक विभेद** | : | समुदायमा उपलब्ध सेवा सुविधाबाट अलग्गिएका निश्चित वर्गको उत्थानको लागि गरिने कार्य। |
| **समूह संजाल** | : | कुनै खास उद्देश्य प्राप्तिका लागि विभिन्न वन उपभोक्ता समूह बिच समन्वय र सहकार्य गर्न गठित संरचना। |
| **सम्पन्नता स्तरीकरण** | : | उपभोक्ता समूहका सदस्यहरूको आर्थिक, सामाजिक, भौतिक र मानवीय क्षमता तथा प्राकृतिक स्रोतसाधनमा पहुँच र नियन्त्रणको आधारमा उपभोक्ता समूह स्वयंले उपभोक्ताहरु वर्गीकरण गर्ने विधि। |
| **सहजकर्ता** | : | वन उपभोक्ता समूहका माग र आवश्यकता अनुसार उपभोक्ता समूह तथा सामुदायिक वन व्यवस्थापनका लागि सहयोग गर्न मान्यता प्राप्त शैक्षिक संस्थाबाट वन विज्ञान बिषयमा शिक्षा आर्जन गरेको वन प्राविधिक, तालिम प्राप्त वा अनुभवी व्यक्ति। यो शब्दले स्थानीय स्रोत व्यक्ति, सामाजिक परिचालक र सहजकर्ता आदिलाई समेत जनाउँदछ। |
| **साधारण सभा** | : | सामुदायिक वन उपभोक्ता समूहको विधान अनुसार नियमित रुपमा आयोजना भई संचालन हुने वन उपभोक्ता घरधुरीबाट सहभागी हुने प्रतिनिधि सदस्यहरूको भेला। |
| **संक्षिप्त वन कार्ययोजना** | | साविकको स्वीकृत वन कार्ययोजनालाई मूल आधार मानी महत्वपूर्ण पक्षहरु मात्र संशोधन वा समावेश गरी तयार पारिएको स्वीकृत कार्ययोजना। |

# परिच्छेद १: सामुदायिक वनको विकासक्रम

सामुदायिक वन भन्नाले वन ऐन, २०७६ को दफा ३१ बमोजिम वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन तथा वन पैदावारको स्वतन्त्र रुपमा मुल्य निर्धारण गर्न र बिक्री वितरण गर्न पाउने गरी डिभीजन वन कार्यालयले उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको राष्ट्रिय वनको कुनै भाग बुझाँउछ ।

हालसम्म नेपालको कूल वनक्षेत्र मध्ये ३५ प्रतिशत भन्दा वढी वन क्षेत्रलाई सामुदायिक वनको रूपमा स्थानीय समुदायलाई हस्तान्तरण गरिएको छ। सामुदायिक वन विकास कार्यक्रमको माध्यमबाट नेपालको वन, वनस्पति, प्राकृतिक वातावरण, भू तथा जलाधार र जैविक विविधताको संरक्षण, व्यवस्थापन र सदुपयोग गरी स्थानीय एवं राष्ट्रिय अर्थतन्त्र र सामुदायिक विकासमा महत्वपूर्ण योगदान पुगेको छ। यसका अतिरिक्त सामुदायिक वनले स्थानीय लोकतन्त्रको सुदृढीकरण, लैंगिक समता र समावेशीकरणको मूलप्रवाहीकरण, सामाजिक न्याय र समाज रुपान्तरणका क्षेत्रमा पनि उल्लेखनीय योगदान पुर्याएको छ। यसको लागि नेपाल सरकारले स्थानीय समुदाय, नागरीक समाज, विकास साझेदारहरु र निजी क्षेत्रसँग सहकार्य गरी क्रमिक रूपमा सामुदायिक वन सम्बन्धी नीति नियमहरुलाई परिष्कृत गर्दै आएको छ।

नेपालको वन व्यवस्थापनमा परम्परादेखि नै स्थानीय समुदायका जनताको प्रत्यक्ष संलग्नता हुँदै आएको भएतापनि सरकारी तवरबाट यसको अपरिहार्यता राष्ट्रिय वन योजना, २०३३ मा प्रतिबिम्बित भएको हो। सोही योजना बमोजिम २०३५ सालमा वन ऐन, २०१८ लाई संशोधन गरी वनको व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी स्थानीय निकायलाई सुम्पने प्रक्रिया शुरु भएको थियो। यसरी शुरुवात गरिएको सहभागितामूलक वन व्यवस्थापनका अभ्यासमा प्राप्त अनुभव एवं सिकाइलाई आत्मसात गर्दै समयानुकूल नीतिगत परिवर्तन हुँदै आएको छ। २०४४ सालमा सम्पन्न पहिलो सामुदायिक वन राष्ट्रिय गोष्ठीले परम्परागत रूपमा वनको प्रयोग गर्दै आएका वन उपभोक्ताहरूको समूह बनाई वन हस्तान्तरण गर्नुपर्ने कुरा औंल्याएको थियो। २०४६ सालमा बनेको वन विकास गुरुयोजनाले सामुदायिक वनलाई पहिलो प्राथमिकता प्राप्त कार्यक्रमको रूपमा राखी वन व्यवस्थापनमा स्थानीय समुदायको जनसहभागिता हुनुपर्ने कुरामा जोड दियो।

२०४९ सालमा सम्पन्न दोश्रो सामुदायिक वन राष्ट्रिय गोष्ठीले योजना तर्जुमा तल्लो तहबाट हुनुपर्ने, जनशक्तिको विकास हुनुपर्ने, वन उपभोक्ता समूहहरूको संजाल हुनुपर्ने र सामुदायिक वन विकासमा गैरसरकारी संस्थाको संलग्नता हुनुपर्ने जस्ता सुझाव दिएको थियो। २०४६ सालमा प्रजातन्त्रको पुर्नबहाली भएपछि निर्माण गरी लागू गरिएको वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले सामुदायिक वन

उपभोक्ता समूहलाई अबिच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्थाको रूपमा स्थापित गरी वनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने जिम्मेवारी सुम्पेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले वन उपभोक्ता समूह गठन र सामुदायिक वनका कार्ययोजना तयार गर्ने जिम्मेवारी उपभोक्ता समूहलाई सुम्पेको हुँदा यसको प्रक्रियाको स्पष्ट व्याख्या गरी कार्यान्वयनमा एकरुपता ल्याउन २०५२ सालमा सामुदायिक वन विकास मार्गदर्शन तयार गरी लागू गरिएको थियो।

२०५५ सालमा सम्पन्न तेश्रो सामुदायिक वन राष्ट्रिय गोष्ठीले सामुदायिक वन विकासमा सरकारी निकायका अतिरिक्त अन्य सरोकारवालाहरूको भूमिका पहिचान गर्नुका साथै गरीबी न्यूनीकरणमा सामुदायिक वनले योगदान पुर्याउन सक्छ भन्ने नयाँ दृष्टिकोण अगाडि ल्याएको थियो। यिनै कुरालाई समेटेर २०५८ सालमा सामुदायिक वन विकास मार्गदर्शन २०५२ लाई संशोधन गरी कार्यान्वयनमा ल्याइयो। दशौं पञ्चवर्षीय योजना र त्यसपछिको त्रिवर्षीय अन्तरिम योजनाले वनस्रोतको संरक्षण, विकास र सदुपयोगबाट गरीबी न्यूनीकरणमा टेवा पुर्याउन सकिने कुरामा जोड दिएका थिए। २०६१ सालमा सम्पन्न चौथो सामुदायिक वन राष्ट्रिय गोष्ठीले समेत सामुदायिक वन व्यवस्थापनको माध्यमबाट गरीबी न्यूनीकरण गर्न राष्ट्रिय र सहस्राब्दी विकास लक्ष्यमा टेवा पुर्याउन सकिने कुरा औंल्याएको थियो। यसका लागि दिगो वन व्यवस्थापन, सुशासन, जीविकोपार्जन जस्ता सामुदायिक वनको दोश्रो पुस्ताका सवालहरूलाई सम्बोधन गर्न सुझावहरू दिएको थियो।

२०६५ सालमा सम्पन्न पाँचौ सामुदायिक वन राष्ट्रिय गोष्ठीका सुझाव र प्रतिबद्धतालाई समेट्दै, सामुदायिक वनस्रोतहरूमा विपन्न, दलित, आदिबासी जनजाति, मधेशी, महिला, अपाङ्गता भएका, पिछडिएका, पछाडि परेका वा पारिएका एवं परम्परागत वन उपभोक्ताहरूको सक्रिय सहभागिता तथा अधिकार सुनिश्चित गर्न र नेपालले अनुमोदन गरिसकेका विभिन्न अन्तराष्ट्रिय महासन्धिका प्रावधानहरूलाई कार्यान्वयन गर्न सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन (दोश्रो संशोधन), २०६५ तयार गरिएको थियो। २०७१ सालमा सम्पन्न छैठौं सामुदायिक वन राष्ट्रिय गोष्ठीले सामुदायिक वनमा सञ्चालित कार्यक्रमहरुको अनुगमन कार्यलाई बढी प्रभावकारी बनाई पारदर्शी रुपमा कार्यान्वयन गर्ने पक्षलाई अझ सरल, स्पष्ट वनाउन विभिन्न तहका सरोकारवालाहरु विच अन्तरक्रिया तथा छलफल गरी सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन (तेश्रो संस्करण, २०७१), संशोधन गरिएको थियो। वन विकास गुरुयोजना (२०४५-२०६६) को अवधि समाप्त भए पश्चात् वन क्षेत्रको आगामी कार्यदिशा तथा प्राथमिकता निर्धारण गर्नका लागि राष्ट्रिय वन नीति, २०७१ जारी गरियो जसमा दिगो वन व्यवस्थापन, जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन, समुदायद्वारा व्यवस्थित वन, हरित रोजगारी, सुशासन साथै वातावरणीय सेवाको न्यायोचित वितरण तथा जलवायु परिवर्तन

जस्ता नवीनतम विषयहरुलाई पनि वन क्षेत्रको प्राथमिकताको रुपमा समावेश गरियो । त्यस्तै वि.सं. २०७२ मा वन क्षेत्रको रणनीति (इ.सं. २०१६-२०२५) जारी भयो जसमा वन क्षेत्रले हासिल गर्नु पर्ने विभिन्न उपलब्धिहरुलाई समय सिमा सहितको लक्ष्य निर्धारण गरिएको छ।

नेपाल केन्द्रीकृत शासन प्रणालीबाट संघीयतामा प्रवेश गरेसँगै मन्त्रालय र मातहतका निकायहरुको संस्थागत संरचनाका साथै कानून कार्यान्वयनको भूमिकामा समेत परिवर्तन भएका छन् ।नेपालको संविधानले व्यवस्था गरे अनुरुप वन, जैविक विविधता, भूसंरक्षण, वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी व्यवस्थालाई आपसी सहयोग, समन्वय र सहकार्यमा कार्यान्वयन गर्ने संघ, प्रदेश र स्थानीय तहको भूमिका सहितको राष्ट्रिय वन नीति, २०७५ जारी भएको छ। उक्त नीतिले मार्गदर्शन गरे बमोजिम वन सम्बर्द्धन प्रणालीमा आधारित वनको दिगो व्यवस्थापन, वन उद्यम, वातावरणीय सेवा र कार्वन व्यापार, पर्यापर्यटन, सामाजिक सुरक्षा, लैङ्गिक समानता, समावेशीकरण तथा सुशासन जस्ता बिषयहरूलाई कार्यान्वयन गर्न, वन ऐन, २०७६ तथा वन नियमावली, २०७९ र सम्वन्धित प्रदेश स्तरमा प्रदेश वन ऐन तथा प्रदेश वन नियमावलीहरु तयार पारी कार्यान्वयन गरिएका छन्।

२०७९ सालमा सम्पन्न सातौ सामुदायिक वन राष्ट्रिय गोष्ठीले पनि योजनाबद्ध रुपमा सामुदायिक वन उपभोक्ता समूहहरुलाई थप सुदृढ र सक्षम तुल्याई सामुदायिक वन क्षेत्रको भौगोलिक अवस्था, पर्यावरणीय सम्बेदनशीलता, उत्पादनशील क्षमता, वनसँगको सामाजिक सांस्कृतिक सम्बन्ध, वन उपभोक्ताहरूको आवश्यकता र चाहना अनुरुप वन व्यवस्थापनका उद्देश्यहरु निर्धारण गर्दै उपयुक्त वन सम्वर्द्धन प्रणालीमा आधारित विधिहरु अवलम्बन गरी सामुदायिक वनको दिगो ब्यवस्थापन गर्नु अपरिहार्य भएको कुरालाई औल्याएको थियो।त्यसै गरी २०८१ मा वन तथा वातावरण मन्त्रालयले विभिन्न सरोकारवालाहरुको सहभागितामा गरेको नीतिगत वहसमा सामुदायिक वनलाई वर्गिकरण गरी सोही अनुसार वनको व्यवस्थापन र लगानी गर्नुपर्ने विषय उठान भएको थियो।

सामुदायिक वन जैविक विविधता र स्थानीय समुदायको जीविकोपार्जनको महत्वपूर्ण आधार स्तम्भ त हो नै। यसका अतिरिक्त यसले दिगो विकासका लक्ष्य हासिल गर्न पनि उत्तिकै महत्वपूर्ण भूमिका खेलिरहेको छ। तथापि, मानव वन्यजन्तु द्वन्द्वका घटनाहरु, जलवायुजन्य विपदहरू (वन डढेलो, बाढी पहिरो, आदि), मिचाहा प्रजातिको विस्तार, विकास र वातावरण बीच सन्तुलन कायम राख्नु, बढ्दो शहरीकरण र बसाइसराइले वन व्यवस्थापनमा पारेको प्रभावलाई न्यूनीकरण गर्नु, लाभको समतामूलक बाँडफाँट गर्नु, सामाजिक समावेशीकरण तथा सुशासनलाई संस्थागत गर्ने जस्ता प्रमुख चुनौतीहरु विद्यमान छन्। उक्त चुनौतीहरूलाई योजनाबद्ध रूपमा समाधान गर्न र 'समृद्दिका लागि वन' भन्ने राष्ट्रिय अठोट पूरा गर्न

सामुदायिक वनको योगदानलाई अझै परिस्कृत रुपमा अगाडि बढाउन अपरिहार्य भएको छ। यसैका लागि विद्यमान संघीयता अनुरुपको संस्थागत तथा कानूनी प्रावधान बमोजिम सामुदायिक वन व्यवस्थापन पद्धतिलाई थप पारदर्शी, व्यवस्थित र सहभागितामूलक बनाउनका लागि यो "सामुदायिक वनको मार्गदर्शन, २०८१" तयार गरी लागू गरिएको छ।

# परिच्छेद २ः उपभोक्ता समूहमा रहने घरधुरी पहिचान तथा सशक्तीकरण

यस परिच्छेदमा उपभोक्ता समूहको घरधुरी र वनक्षेत्र पहिचान तथा उपभोक्ता सशक्तीकरण प्रक्रियाका सम्बन्धमा उल्लेख गरिएको छ। उपभोक्ता समूहमा रहने घरधुरी पहिचान हुनु अघि सम्भावित उपभोक्ताहरूबिच छलफल भई वन तथा सामुदायिक वन सम्बन्धी विद्यमान नीति, कानूनी र संस्थागत व्यवस्था र वन उपभोक्ता तथा उपभोक्ता समूहको काम, कर्तव्य र अधिकारको बारेमा स्पष्ट हुन आवश्यक छ। यसका अतिरिक्त वन पैदावारको माग तथा आवश्यकता र आपूर्तिको अवस्था, सदुपयोग, उपभोक्ताको सामाजिक आर्थिक अवस्थाको बारेमा पनि जानकारी राख्नु पर्दछ।

वन उपभोक्ता घरधुरी पहिचान र सशक्तिकरण गर्दा गर्नुपर्ने मुख्य कार्यहरू देहाय वमोजिम छन्।

## २.१ समिति गठन तथा जिम्मेवारी बाँडफाँट

सम्भाव्य सामुदायिक वन क्षेत्र पहिचान भएपछि उपभोक्ताहरूबिच छलफल गरी विधान र कार्ययोजना तयारीका लागि एक तदर्थ समिति गठन गर्न सकिन्छ। यसरी समिति गठन गर्दा सबै टोल, विपन्न, महिला, दलित, आदिबासी जनजाति एवं पछाडि परेका वा पारिएका वर्गहरू समेतको प्रतिनिधित्व हुनुपर्छ। यस्तो तदर्थ समितिले नयाँ विधान तथा कार्ययोजनाको मस्यौदा तयारी गर्ने कार्य गर्नेछ। स्वीकृत विधान तथा कार्ययोजनाको संशोधन वा संशोधन गर्ने कार्यका लागि साबिक कै कार्यसमितिले जिम्मा लिनेछ वा छुट्टै विशेष समिति बनाउन पनि सकिनेछ ।

तदर्थ समिति गठन गर्दा देहायका कार्यहरू गरिन्छन्ः

- सम्भावित उपभोक्ता समूहका घरधुरी सदस्यलाई खबर गर्ने ।
- सामुदायिक वनको आवश्यकता तथा महत्वबारे छलफल गर्ने ।
- वन उपभोक्ताबिच सामुदायिक वन उपभोक्ता समूह गठन तथा कार्ययोजना तयारी प्रक्रियाबारे छलफल गर्ने।
- सबै घरधुरीका प्रतिनिधिहरुको सहमतिमा विधान तथा कार्ययोजना तयार गर्न एक तदर्थ समिति गठन गर्ने।

उक्त समितिले विधान र कार्ययोजना तयार वा संशोधनका गर्नका लागि कार्यतालिका तयार गरी कार्यान्वयन गर्ने, गराउने र आवश्यकता अनुसार सब-डिभिजन वन कार्यालय, स्थानीय तह तथा अन्य निकाय र सम्बन्धित संघ संस्थाको समेत सहयोग लिन सक्नेछ।

## २.२ उपभोक्ता घरधुरी र वनक्षेत्र पहिचान

सम्भावित सामुदायिक वनक्षेत्रको परम्परागत रूपले उपभोग गरिरहेका सो वनक्षेत्रको संरक्षण र व्यवस्थापनसँग प्रत्यक्ष सरोकार राख्ने र संलग्न हुने घरधुरीलाई सामुदायिक वनको उपभोक्ताको रुपमा पहिचान गर्नु पर्दछ । यसरी

उपभोक्ता पहिचान गर्दा वडा, पालिका, जिल्ला र प्रदेशको सिमानाले असर पार्ने छैन। यस क्रममा कुनै पनि वन उपभोक्ता नछुटुन् भन्ने कुरामा विशेष ध्यान दिनु पर्दछ र त्यसको लागि वन क्षेत्रको वरपर बसोबास गर्ने घरधुरीसँग पनि छलफल गर्नु राम्रो हुन्छ। उपभोक्ता घरधुरी र वनक्षेत्र पहिचान गर्दा स्थानीय तहको वडा कार्यालय, छिमेकी सामुदायिक वन उपभोक्ता समूह, कृषक समूह, प्राकृतिक स्रोत व्यवस्थापन गर्ने स्थानीय समुदाय, दलित, आदिबासी जनजातिका पारम्परिक वा प्रथाजनित संस्था, स्थानीय सामाजिक कार्यकर्ता र संघसंस्थाहरूसँग समेत समन्वय गर्नु पर्दछ। सामुदायिक वनको रूपमा व्यवस्थापन गर्न चाहेको वन क्षेत्रको चार किल्ला पनि यसै बेला निर्धारण गर्नु पर्दछ। वन क्षेत्र एकिन गर्दा राष्ट्रिय वन क्षेत्रसँग जोडिएका ऐलानी ,पर्ती लगायतका वन क्षेत्रलाई समेत सामुदायिक वनमा समावेश गर्नु पर्दछ ।

*नोटः वनक्षेत्र यकिन गर्ने क्रममा समुदायलाई पायक पर्ने कुनै संघसंस्था, स्थानीय तह अन्तर्गत पर्ने सरकारी पर्ति, चरन क्षेत्र एवं सार्वजनिक जग्गा भए जग्गाको स्वामित्व रहेको निकाय वा संस्थासँग सहमति लिई भू–स्वामित्व सम्बन्धित निकायकै हुने गरी डिभिजनल वन अधिकृतले सामुदायिक वनको रूपमा हस्तान्तरण गर्न सक्नेछ ।*

**वन उपभोक्ता पहिचान गर्न देहायका आधारहरूलाई अवलम्बन गर्न सकिन्छ।**

- परम्परागत रूपमा वन क्षेत्र भोगचलन गर्दै आएका घरधुरी
- वन क्षेत्र पायक पर्ने घरधुरी
- उपभोक्ता समूहमा समावेश हुने चाहना र आवश्यकता भएका घरधुरी
- वनमा आश्रित घरधुरी
- वनको संरक्षण र व्यवस्थापनमा योगदान दिन सक्ने घरधुरी
- वन व्यवस्थापनमा योगदान दिन सक्ने अन्य विकल्प नभएका टाढाका इच्छुक घरधुरी ।

**सामुदायिक वन क्षेत्र पहिचान गर्न देहायका आधारहरू लिन सकिन्छ।**

- परम्परागत रूपमा प्रयोग गरिरहेको वन
- संरक्षण तथा व्यवस्थापन गर्न सकिने वन
- वन उपभोक्ताहरुलाई आवश्यक पर्ने वन ।

**उपभोक्ता तथा वनक्षेत्र पहिचानका लागि गर्नुपर्ने कार्यहरू :**

- प्रत्येक टोलबाट सबै जातजाति, वर्ग, महिला, जेष्ठ नागरिक एवं बुढापाका, वनमा आश्रित वर्ग, स्थानीय तहको वडा कार्यालयका प्रतिनिधि, वन उद्यमी र वन सम्बन्धी जानकारी भएका व्यक्तिहरूको सहभागितामा छलफल गरी सहभागितामूलक सामाजिक तथा स्रोत नक्शा तयार गर्ने,

- सहभागितामूलक स्रोत नक्शा तयार गरेपछि उपभोक्ता घरधुरी, उनीहरूले उपभोग गर्दै आएको वनक्षेत्र, टोल र उपभोक्ताहरूको वन स्रोत माथिको सम्बन्ध र समुदाय तथा वनको वर्तमान अवस्थाको मूल्याङ्कन गरी भविष्यमा देख्न चाहेको वनको अवस्थाको बारेमा छलफल गर्ने,
- उपभोक्ता र वन क्षेत्र पहिचानमा विवाद आएमा छलफल गरी टुङ्गयाउने, नटुङ्गिएमा सशक्तीकरणको प्रक्रिया अपनाई आम सहमतिबाट टुङ्गयाउने,
- घरधुरी पहिचान सूचीमा उपभोक्ता समूहको सदस्यता नम्बर वा घरधुरी नम्बर राख्ने र प्रत्येक परिवारबाट समूह सदस्यको रुपमा रहने एक जना महिला र एक जना पुरुषको पहिचान गरी सूची तयार गर्ने,
- कुनै पनि उपभोक्ता नछुटुन् भनी विशेष रुपमा ध्यान दिने।

## २.३ उपभोक्ता सशक्तीकरण

सामुदायिक वनका उपभोक्ता सशक्तिकरणका लागि घर–घर वा टोल–टोलमा गई सकेसम्म सबै घरधुरीका सदस्यहरूसँग वन सम्बन्धी नीति र कानून, सामुदायिक वनको कानूनी र सामाजिक मान्यता, सामुदायिक वनको महत्व (वस्तु तथा वातावारणीय सेवा, लाभको बाँडफाड, जैविक विविधता, जलवायु परिवर्तनका प्रभाव र अनुकुलन, रेडप्लस र कार्वन व्यापार, आदि), उपभोक्ताको काम, कर्तव्य, अधिकार र जवाफदेहिता तथा सामुदायिक वन उपभोक्ता समूह गठन तथा सामुदायिक वन हस्तान्तरण प्रक्रियाबारे व्यापक छलफल गर्नुपर्दछ। कुनै पनि उपभोक्ता नछुटुन् भन्नका लागि वरपरका बासिन्दाहरूसँग तथा सामुदायिक वन उपभोक्ता समूहसँग पनि छलफल गर्नुपर्दछ। यस क्रममा विधान तथा कार्ययोजना बनाउनका लागि आवश्यक पर्ने जानकारी पनि सङ्कलन गर्नुपर्छ। सो जानकारी सङ्कलन गर्न अनुसूची-१ मा राखिएको फारम उपयोग गर्न सकिन्छ।

**उपभोक्ता सशक्तीकरणका क्रममा गरिने छलफलका विषयवस्तु**

- सामुदायिक वन सम्बन्धी वर्तमान नीति, ऐन, नियम, निर्देशिका वा कार्यविधि, आदि
- उपभोक्ता र उपभोक्ता समूह तथा कार्यसमितिको काम, कर्तव्य, अधिकार र उत्तरदायित्व
- सामुदायिक वनको महत्व र सम्भाव्य चुनौती
- वन व्यवस्थापनको परम्परागत तरिका
- वनमाथिको निर्भरता र वन पैदावारको मागको अवस्था
- विधान र कार्ययोजना निर्माण प्रक्रिया
- सामुदायिक वनले महिला, विपन्न, दलित, आदिबासी जनजाति, अल्पसंख्यक आदिको जीविकोपार्जनमा पुर्‍याउन सक्ने योगदान
- समुदायभित्र वन व्यवस्थापन र संरक्षणका लागि रहेका असल अभ्यासहरू
- सामुदायिक वनका विशेषताहरु: सुशासन, (सार्थक सहभागिता, प्रतिनिधित्व, न्यायोचितता, लैङ्गिक समानता र समता, पारदर्शिता, जवाफदेहिता, विधिको शासन) आय आर्जन र जीविकोपार्जन, स्रोतमाथिको पहुँच तथा अधिकार, स्रोतको एकीकृत व्यवस्थापन, दिगो वन व्यवस्थापन, आदि।

**सशक्तीकरणका क्रममा प्रयोग गर्न सकिने सामग्रीहरू**

- नेपालको संविधान
- वन नीति, २०७५
- वन ऐन, २०७६ र वन नियमावली, २०७९
- वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७
- सम्बन्धित प्रदेशको वन ऐन, नियमावली, निर्देशिका, कार्यविधि
- दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड,२०८१
- सामुदायिक वनको मार्गदर्शन
- वनक्षेत्रका लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति, २०६४
- उपभोक्ता समूह गठन र समूह/उपभोक्ताको काम कर्तव्य र अधिकार सम्बन्धी पोष्टर र पम्प्लेट
- घरधुरी जानकारी संकलन गर्ने फारम

## २.४ विपन्न, वञ्चित वर्ग र समान चाहना भएका समूहहरूको पहिचान

सामुदायिक वनको माध्यमबाट आय आर्जन, जीविकोपार्जन र गरिबी न्यूनीकरणमा टेवा पुर्‍याउन, स्रोतको न्यायोचित वितरण गर्न आवश्यक नियम तथा योजना बनाउन, निर्णय प्रक्रियामा विपन्न वर्ग र महिलाका पहुँच बढाउन समान चाहना भएका समूहहरूको पहिचान गर्न आवश्यक हुन्छ। ती वर्गको पहिचान पनि समुदायबाट हुनुपर्दछ।

**पहिचान गर्दा ध्यान दिनुपर्ने कार्यहरू**

- विपन्न वर्गको पहिचानको आवश्यकता र औचित्यबारे छलफल गर्ने ।
- सहभागितामूलक तरिकाबाट सम्पन्नता स्तरीकरण गर्न (सम्पन्नता स्तरीकरण गर्दा सामाजिक, आर्थिक, भौतिक, प्राकतिक, मानवीय स्रोत र राजनीतिक पहुँचलाई आधार मानी स्रोत तथा सामाजिक एवं राजनीतिक पहुँच र नियन्त्रणमा कमी भएकालाई विपन्न वर्ग भनी पहिचान गर्ने)।
- समान चाहना भएका साना समूह (जस्तैः कृषि, पशुपालन, जडीबुटी सङ्कलन तथा खेती, लघु एवं घरेलु तथा साना उद्यम गर्ने, गोठाला तथा गोल पोल्ने आदि) समेतको पहिचान गर्ने।

# परिच्छेद ३: उपभोक्ता समूह गठन र दर्ता

यस परिच्छेदमा उपभोक्ता समूह गठन, समूहको विधान तयारी र समूह दर्ता प्रक्रिया समोवश गरिएको छ। उपभोक्ताको पहिचान र सशक्तीकरणको प्रक्रियाबाट प्राप्त जानकारीका आधारमा विधानको खाका तयार गर्नु पर्दछ। साथै महिला, दलित, बिपन्न, आदिबासी जनजाति, नजिक तथा टाढाका उपभोक्ता, अल्पसंख्यक, पारम्परिक एवं प्रथाजनित संस्था र समान चाहना भएका उपसमूहहरू समेतसँग छलफल गर्दा उठेका विषयबस्तुहरूलाई पनि विधानको खाकामा समावेश गर्नुपर्दछ। त्यसपछि उक्त विधानको मस्यौदालाई आमभेलामा प्रस्तुत गरी आमसहमतिबाट पारित गर्नुपर्दछ। उपभोक्ता समूह गठन तथा विधान तयारी गर्दा देहायका कार्य गर्नुपर्दछ।

## ३.१ जानकारी संकलन तथा विश्लेषण

घरधुरी भेटघाट, सामाजिक सर्वेक्षण र टोलबस्तीमा भएका छलफलबाट प्राप्त घरधुरी संख्या, परिवार संख्या, पशु संख्या, सामाजिक-आर्थिक अवस्था, पेशा, शैक्षिक अवस्था, जनशक्ति, जातजाति, वनपैदावारहरूको आवश्यकता तथा आपूर्तिको अवस्था, वन र कृषिका विचको सम्बन्धको अवस्था, वन पैदावारसँगको जीविकोपार्जन र प्रथाजनित सम्बन्ध, उपभोक्ताहरूले भोगेका समस्या तथा अन्य जानकारीको बुँदागत विश्लेषण गर्नु पर्दछ। कुनै घरधुरी वा समुदायको जिविकोपार्जन र प्रथाजनित चालचलनमा वन पैदावारको उपयोग गर्न विशेष खालको चाहना वा आवश्यकता हुन सक्छन्। जानकारी विश्लेषण गर्दा त्यस्ता कुराहरूलाई पनि उत्तिकै ध्यान दिनु जरुरी हुन्छ। विश्लेषणबाट प्राप्त जानकारीलाई समान चाहना वा आवश्यकता भएका समूह र टोलमा छलफल गरी विधानमा समावेश गर्नु पर्दछ।

## ३.२ समान चाहना भएका उपभोक्ताहरूबिच छलफल

अवसरबाट वञ्चित, विपन्न, महिला, दलित, मधेशी, आदिवासी जनजाति, अपाङ्गता भएका एवं पछाडि परेका वर्गहरू र वन क्षेत्रबाट टाढाका वन उपभोक्ताहरूसँग विधानमा उल्लेख हुनुपर्ने बुँदाहरूमा छुट्टाछुट्टै छलफल गर्नु पर्दछ। छलफलको क्रममा यी वर्गका समस्याका साथसाथै विधानमा उल्लेख हुनुपर्ने बुँदाहरूको टिपोट तयार गर्नुपर्दछ। यसरी साना समूहमा छलफल गर्दा सबैले आ–आफ्ना कुरा राख्ने मौका तथा अवसर पाउने वातावरण तयार गर्नु पर्दछ। साथै समान चाहना वा आवश्यकता भएका सदस्यहरूलाई साधारणसभामा आफ्ना कुरा निर्धक्कसँग राख्न प्रोत्साहित गर्नु पर्दछ। यस्ता स–साना समूहमा छलफल गर्दा यी उपभोक्ताहरूको आवश्यकता तथा उपलब्ध स्रोतलाई हेरेर सम्भावित जीविकोपार्जनको योजना बनाउने र समूहमा सुशासन कायम गर्ने प्रावधान विधानमा उल्लेख गर्नु पर्दछ।

## ३.३ विपन्न तथा महिला, दलित, मधेशी, आदिवासी जनजाति, अपांगता भएका एवं पछाडि परेका वा पारिएका उपभोक्ताहरूसँग छलफल

वन उपभोक्ताहरूका समस्या, आवश्यकता, चाहना तथा क्षमताहरू फरक–फरक हुन सक्छन्। त्यस्ता फरक कुराहरू ठूला समूहमा खुला रूपमा छलफल हुँदा विपन्न तथा महिला, दलित, मधेशी, आदिवासी जनजाति, अपांगता भएका एवं पछाडि परेका उपभोक्ताहरूका कुरा नसुनिन पनि सक्छन्। तसर्थ यी वर्ग तथा समूहका उपभोक्ताहरूका चाहना वा आवश्यकता र समस्यालाई समेटी सो कुरा विधानमा नै उल्लेख गर्नका लागि उनीहरूसँग विस्तृत रूपमा छुट्टाछुट्टै छलफल गर्नु पर्दछ। विपन्न तथा वञ्चित वर्गका उपभोक्ताहरूलाई सामुदायिक वनबाट फाइदा पाउनु आफ्नो पनि अधिकार हो भन्ने महशुस गराउनु पर्दछ। यसो गर्दा ठूला सभामा बोल्न नसक्ने उपभोक्ताहरूले स–साना समूहमा आफ्ना सरोकारका विषयहरू प्रष्टसँग राख्न पाउँछन्। यस्ता स–साना समूहसँगका अन्तर्क्रिया एवं बैठकहरूमा विधानमा उल्लेख हुनुपर्ने सम्पूर्ण बुँदाहरूका बारेमा छलफल हुनु पर्दछ, छलफलबाट आएका कुराहरूको टिपोट तयार गर्नुपर्दछ र यस्ता वर्गका उपभोक्ताहरूको आवश्यकता तथा क्षमतालाई समेटिने गरी उनीहरूसँग बसेर योजना बनाउनु पर्दछ। यसरी योजना बनाउदा वनमा मात्र सीमित नभई अलि फराकिलो हिसाबले सम्बन्धित अन्य विषयहरूलाई पनि समेट्नु पर्दछ। यस्ता छलफलमा सबैलाई सहभागी हुन सक्ने वातावरण तयार गरी समान चाहना भएका उपभोक्ताहरूलाई साधारण सभामा आफ्नो कुरा निर्धक्कसँग राख्न प्रोत्साहित गर्नुपर्दछ ।

## ३.४ अगुवा उपभोक्तासँग छलफल

सामुदायिक वनको प्रक्रियालाई समावेशी तथा प्रभावकारी बनाउनका लागि समुदायमा रहेका अगुवा उपभोक्ताहरूको सहयोग तथा भूमिका महत्वपूर्ण हुन सक्छ। तसर्थ सामुदायिक वनको प्रकृया तथा अवधारणाको बारेमा यस वर्गका उपभोक्तासँग छलफल गरी यसको आवश्यकता महशुस गराएर सहयोग लिन उपयुक्त हुन्छ। यसरी छलफल गर्दा सम्भव भएसम्म स्थानीय तहको वडा प्रतिनिधिसँग समेत छलफल गर्नुपर्दछ।

## ३.५ गाउँबस्ती र टोल भेलामा छलफल

उपभोक्ताहरू विभिन्न टोलमा विभाजित भएर रहेका हुन सक्छन्। विभिन्न गाउँवस्ती वा टोलका उपभोक्ताका समस्या, टोल विकास सम्बन्धी सवाल तथा चाहनाहरू फरक फरक हुन सक्छन्। त्यस्ता फरक विचारहरू ठूला समूह भेला र छलफलमा छुट्न पनि सक्छन्। तसर्थ विधानमा उल्लेख गरिनु पर्ने हरेक कुराहरू टोल स्तरमा रहेका उपभोक्ताहरूसँग विस्तृत रूपमा छलफल गर्नु पर्दछ। यसरी छलफल गरेपछि प्रत्येक टोलका छुट्टाछुट्टै योजना पनि बन्न सक्छन्। यस्ता टोल बैठकमा वञ्चित, विपन्न, महिला, दलित, मधेशी, आदिवासी जनजाति, अपांगता भएका एवं पछाडि परेका वर्गका उपभोक्ताहरू लगायत सबै उपभोक्ताहरूलाई सहभागी गराउनु पर्दछ। कुन समय र कुन ठाउँमा टोल बैठक वा भेला बस्दा सबैलाई पायक पर्दछ सो कुरामा विशेष ध्यान दिनु जरुरी हुन्छ।

## ३.६ विधानको खाका तयारीको प्रकृया

विभिन्न स–साना समूहहरूको छलफलबाट आएका बुँदा र सवालहरूलाई विश्लेषण गरी विधानमा उल्लेख हुनुपर्ने बुँदाहरूका आधारमा खाका तयार गर्नु पर्दछ। यसो गर्दा घरधुरी सर्वेक्षण, साना समूह छलफल, टोल छलफलबाट आएका जानकारीलाई विश्लेषण गरी मिल्दाजुल्दा कुराहरूलाई समेट्नु पर्दछ। कुनै कुराहरू बाझिएका छन् भने तिनको पनि टिपोट गरी सहमतिका लागि साधारण सभा बस्नु अगाडि सम्बन्धित पक्षहरूबिच छलफल गर्नुपर्दछ। विधानको खाका तयार गर्दा वञ्चित, विपन्न, महिला, दलित, मधेशी, आदिवासी जनजाति, अपांगता भएका एवं पछाडि परेका वा पारिएका उपभोक्ताहरूका चाहना, आवश्यकता, समस्या समेटिने खालका प्रावधानलाई आवश्यकता र औचित्यताको आधारमा प्रथमिकतामा राख्नु पर्दछ।

आमभेला/साधारण सभा आयोजना गर्नु पूर्व कम्तिमा ७ (सात) दिन अगाडि यथासम्भव सबै घरधुरीलाई पायक पर्ने मिति, समय र स्थान तोकेर खबर गर्नुपर्दछ। कार्यक्रमको रूपरेखा र साधारण सभाको सञ्चालन प्रक्रियाबारे प्रयाप्त तयारी गर्नुपर्दछ। यसरी साधारण सभामा सबै वर्गका उपभोक्ताहरूको सक्रिय सहभागिताको वातावरण तयार गरेर सबै पक्षका कुराहरू सुन्न र छलफल गर्ने कार्यलाई पनि तयारी कै क्रममा सुनिश्चित गर्नु पर्दछ। वन उपभोक्ता समूह गठन तथा विधान तयारीको प्रक्रियामा स्थानीय तह, वन कार्यालय, वन उपभोक्ता महासंघ, शिक्षक, अगुवा जानकार, स्थानीय स्रोत व्यक्ति, गै.स.स.का सहजकर्ताहरू रहेछन् भने उनीहरूसँग पनि छलफल गरी थप जानकारी, सुझाव तथा सहयोग लिन सकिनेछ। विधानमा उल्लेख हुनुपर्ने विवरण वन नियमावली २०७९ को अनुसूची-१९ मा उल्लेख भए बमोजिम हुनेछ।

## ३.७ विधानको मस्यौदा पारित

माथि उल्लेख भए अनुसार विभिन्न चरणमा विभिन्न वर्गका उपभोक्ताहरूसँग छलफल गरिसकेपछि आएका जानकारीलाई विश्लेषण गरी विधानलाई अन्तिम रूप दिन आमभेलाको आयोजना गर्नु पर्दछ। धेरै उपभोक्ता भएको समूहमा टोल/गाउँबस्तीबाट प्रतिनिधि छनोट गरी आमभेलामा सहभागिता गर्ने व्यवस्था मिलाउन पनि सकिनेछ। विधानको खाकालाई बुँदागत रूपमा प्रस्तुत गरेर सबैसँग छलफल गरी आमसहमति वा दुई तिहाई बहुमतबाट विधान पारित गराउनु पर्दछ। कुनै विषय वा बुँदामा फरक फरक मत आएमा सम्बन्धित पक्ष बिच पूनः छलफल गराई सहमतिमा ल्याउनु पर्दछ। यसरी साधारणसभा आयोजना गर्दा सम्पूर्ण उपभोक्ता, विशेष गरी विपन्न, महिला, दलित उपभोक्ताहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नु पर्दछ। साधारण सभामा कम्तिमा पनि ५० प्रतिशत महिला र समावेशी सहभागिता हुने वातावरण तयार गर्नु आवश्यक हुन्छ। साधारण सभाका लागि हरेक घरधुरीबाट कम्तीमा एक–एक जना महिला र पुरुष अनिवार्य उपस्थित हुन प्रेरित गर्नु पर्दछ। साथै सञ्चालनकर्ताले यी वर्गका उपभोक्ताले आफ्ना कुरा राख्न नसकेको अवस्थामा आफैले पनि उनीहरूको विचार/सवालहरूलाई छलफलमा ल्याउनु

पर्दछ। एउटा टोलको वा समान चाहना भएका उपभोक्ताहरू साधारण सभाका बेलामा एक ठाउँमा बस्ने व्यवस्था मिलाउन सके छलफल गर्न सजिलो हुन्छ।

उपभोक्ता समूहले वञ्चित, विपन्न, महिला, दलित, मधेशी, आदिवासी जनजाति, अपांगता भएका एवं पछाडि परेका वा पारिएका उपभोक्ताहरूको सक्रिय सहभागिता गराई आम सहमतिका आधारमा निर्णय गर्नु पर्दछ। विधानमा उपभोक्ता घरधुरीका विवरण उल्लेख गर्दा प्रत्येक घरधुरीबाट घरमुलीका रूपमा एक महिला र एक पुरुष गरी दुई जनाको नाम समावेश गर्नु पर्दछ र त्यस घरधुरीमा भएका सबै परिवार संख्यालाई उपभोक्ताको रूपमा उल्लेख गर्नु पर्दछ। समूहको निर्णय प्रक्रियामा हरेक घरधुरीबाट १८ वर्ष माथिका एक-एक वयस्क महिला र पुरुष गरी दुई जनाले भाग लिने व्यवस्था सुनिश्चित गर्नु पर्दछ। वञ्चित, विपन्न, महिला, दलित, मधेशी, आदिवासी जनजाति, अपांगता भएका एवं पछाडि परेका वा पारिएका वर्गका उपभोक्ताहरुको लागि विशेष कार्यक्रम तर्जुमा गर्नु पर्नेछ। सो सम्बन्धी विस्तृत विवरण अनुसूची २ मा दिईएको छ।

## ३.८ उपभोक्ता समूह दर्ता

उपभोक्ता समूहले समूह दर्ताका लागि समूहको विधान सहित डिभिजन वन कार्यालयमा निवेदन पेश गर्नु पर्दछ। यसरी निवेदन दिंदा वन नियमावली, २०७९ को अनुसूची २० बमोजिमको ढाँचामा निबेदन र उक्त निवेदनको साथमा आमभेलाको निर्णय प्रतिलिपि संलग्न गर्नुपर्नेछ। निवेदन प्राप्त भएपछि सम्बन्धित डिभिजनल वन अधिकृतले जाँचबुझ गरी ३० दिन भित्र उपभोक्ता समूह दर्ता गरेर समूह दर्ताको प्रमाणपत्र प्रदान गर्नु पर्दछ। डिभिजन वन कार्यालयले सो अवधिमा समूह दर्ता गर्न नसक्ने अवस्था भए सोको कारण स्पष्ट खुलाई लिखित रूपमा सम्बन्धित उपभोक्ता समूहलाई जानकारी गराउनु पर्दछ। समूह दर्ता भएपछि अनुसूची ११ बमोजिम कायम गरिने कोड संकेत विधानमा समेत उल्लेख गर्नु पर्दछ। समूह दर्ताको प्रमाणपत्रको ढाँचा वन नियमावली २०७९ को अनुसूची २१ मा उल्लेख भए बमोजिम हुनेछ।

## ३.९ वार्षिक साधारण सभाको प्रकृया

**वन उपभोक्ता समूहमा रहेका सदस्य घरधुरीको अध्यावधिकः** समूहको साधारण सभाको कम्तिमा एक महिना अगाडि कार्यसमितिले उपभोक्ताको घरधुरी सदस्यको नामावली अद्यावधिक गर्नुपर्नेछ। यसरी अद्यावधिक गर्दा प्रत्येक घरधुरीबाट घरमुली १ महिला र १ पुरुषको नाम समावेश गर्नु पर्नेछ।अद्यावधिक गर्ने क्रममा छुट्टाभिन्न भएको परिवार, एकल परिवार तथा बसाँई सरी आउने घरधुरीलाई समूहको सदस्य बन्न ईच्छा लागेमा निवेदन दिनु पर्नेछ र यसरी निवेदन प्राप्त भए पश्चात् कार्यसमितिले विधानले तोकेको निश्चित शुल्क लिई उपभोक्ता सदस्य बनाउन सक्नेछ। नयाँ सदस्यता प्रदान गर्दा सकेसम्म न्यून शुल्क लिने प्रवन्ध गर्नु पर्दछ। स्थानीय तहबाट बसाईंसराईं

प्रमाणपत्र लिई अन्यत्र बसाईसराई जाने घरधुरीको नामावली अनिवार्य रुपमा हटाई लगत कट्टा गर्नु पर्नेछ। उक्त नामावली साधारण सभाबाट पारित गर्नुपर्नेछ।

वार्षिक साधारण सभा हुने स्थान, मिति, समय र साधारण सभाका एजेन्डाहरु कम्तिमा ७ (सात) दिन अगाडि जानकारी गराएको हुनु पर्नेछ। साधारण सभा हुने समय र स्थान सम्भव भएसम्म सबैलाई अनुकूल हुने समय र स्थान पायक पर्ने गरी मिलाउनु पर्नेछ। साथै वार्षिक साधारण सभामा समूहको बार्षिक प्रतिवेदन र आर्थिक प्रतिवेदन लगायत लेखा परीक्षणको प्रतिवेदन प्रस्तुत भई पारित गर्नु पर्नेछ र कार्यसमितिले गरेका निर्णयहरु अनुमोदन गर्न सकिनेछ। तर समूहको विधान बमोजिम हुनु पर्ने वार्षिक साधारण सभा विगत दुई आर्थिक वर्षसम्म पनि नभएको अवस्थामा सम्बन्धित सब-डिभिजनको अधिकृतले वार्षिक साधारण सभाको लागि सहजीकरण गर्न सक्नेछ।

**अध्यक्ष मण्डल गठनः** साधारण सभामा आवश्यकताको आधारमा ३ देखि ५ सदस्यीय अध्यक्ष मण्डल गठन गर्न सकिनेछ। अध्यक्ष मण्डलमा सहजीकरण गर्न सक्ने महिला सहित भद्रभलाद्मी, समाजसेवी, शिक्षक, कर्मचारी, अगुवालाई राख्न सकिनेछ।उक्त अध्यक्ष मण्डलले बन्द सत्र सञ्चालनमा सहजीकरण गर्नेछ।अध्यक्ष मण्डलले सो आर्थिक वर्षभरीका कामका विषयमा पेस भएका लेखापरीक्षण र वार्षिक प्रतिवेदन, प्रस्तावित वार्षिक योजना र आवश्यकता अनुसार संशोधन गर्नु पर्ने विधान तथा कार्ययोजनाका विषयहरु समावेश गराई पारित तथा अनुमोदन गर्नमा सहजीकरण गर्नेछ।

**साधारण सभामा गणपुरक संख्याः** साधारण सभामा कम्तिमा ५१ प्रतिशत घरधुरी सदस्यको उपस्थिति नभए सम्म गणपुरक संख्या पुगेको मानिने छैन। समूहको साधारण सभामा प्रत्येक घरधुरीबाट कम्तिमा एक महिला र एक पुरुष गरी २ जना उपस्थित हुनु पर्दछ। जम्मा उपस्थिति मध्ये महिलाको संख्या कम्तिमा ५० प्रतिशत हुनुपर्नेछ। विधानमा उल्लेखित भएका उपभोक्ता नामावली अनुसार एकै घरका २ वा सो भन्दा बढी व्यक्ति सभामा उपस्थित हुन सक्नेछन्। तर कुनै विषयमा मतदान गर्नु पर्ने भएमा प्रत्येक घरधुरीबाट कम्तिमा एक महिला सहित २ जनाको मात्र मताधिकार हुनेछ।

कुनै उपभोक्ता समूहमा ३०० भन्दा धेरै घरधुरी उपभोक्ता भएको अवस्थामा एकै पटक आमभेला गर्न व्यवहारिक कठिनाई हुने भएमा विधान बमोजिम त्यस्ता समूहमा विभिन्न टोल स्तरमा कम्तिमा ५१ प्रतिशत घरधुरीको आमभेला आयोजना गरी सोही भेलाबाट छनोट गरिएका प्रतिनिधि सदस्यहरु रहेको भेलालाई नै समूहको साधारण सभा मानिने छ।

## ३.१० निर्वाचन प्रकृयाः

सामुदायिक वन उपभोक्ता समूहको कार्य संचालनका लागि समावेशी रूपमा बढीमा २१ सदस्यीय कार्यसमिति रहनेछ। कार्यसमितिको अध्यक्ष वा सचिव पदमध्ये कम्तीमा एक पद र उपाध्यक्ष वा कोषाध्यक्ष पदमध्ये कम्तीमा एक पद सहित कम्तीमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व भएको हुनु पर्नेछ। कार्यसमितिको पदावधि बढीमा पाँच वर्षको हुनेछ तर विधानमा सो भन्दा कम अवधि राखेको रहेछ भने सोही बमोजिम हुनेछ। कुनै पनि व्यक्ति कार्यसमितिको अध्यक्ष पदमा बढीमा दुई कार्यकाल मात्र निर्वाचित वा छनोट हुन पाउनेछ। वन नियमावली, २०७९ लागू हुन पूर्व कार्य समितिको अध्यक्ष पदमा रही काम गरेको व्यक्तिको हकमा उक्त कार्यकाल पनि अध्यक्ष पदको कार्यकालमा गणना हुनेछ।कार्यकालको अवधि गणना गर्दा पाँच बर्षको अवधि वा समूहको बिधानमा उल्लेखित भए अनुसारको अवधिलाई एक कार्यकाल मानी सोही बमोजिम दुई अवधि गणना गर्नु पर्दछ। नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट आर्थिक लाभ प्राप्त गर्ने व्यक्ति उपभोक्ता समूहको कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष वा सदस्य बन्न पाइने छैन तर सल्लाहकार बन्न बाधा पर्ने छैन।

उपभोक्ता समूहको कार्यसमितिको पदावधि सकिनु अगावै नयाँ कार्यसमिति चयन गरी कार्यसमितिको पदावधि सकिएको पन्ध्र दिनभित्र नयाँ कार्यसमितिलाई जिम्मेवारी हस्तान्तरण तथा वर-बुझारथ गर्नु पर्नेछ। उक्त अवधिभित्र जिम्मेवारी हस्तान्तरण तथा वर-बुझारथ नगरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ। उपभोक्ता समूहको कार्यसमितिमा निर्वाचित हुने सदस्यहरुको छनौट गर्दा आमसहमति वा सर्वसम्मत बनाउन पहल गर्नु पर्नेछ। तर कुनै कारणवस सर्वसम्मत नभएमा मतदानद्वारा निर्वाचन गर्नु पर्नेछ। यस कार्यका लागि एक निर्वाचन समिति गठन गरिने छ र मतदान सम्बन्धी प्रकृया सम्बन्धित समूहको विधानमा उल्लेख गरे बमोजिम र सो विधानको अधिनमा रही निर्वाचन समितिले तय गरे बमोजिम हुनेछ।

कार्यसमितिको अध्यक्षको हकमा एक महिना भन्दा बढी अवधि अध्यक्ष पद खाली राख्न पाईने छैन। अर्को व्यवस्था नहुन्जेल उपाध्यक्ष स्वतः अध्यक्ष हुनेछ। त्यस पछि लगत्तै बस्ने वार्षिक साधारणसभाबाट अध्यक्ष मनोनयन गर्नुपर्नेछ। साथै समितिका अन्य सदस्यहरुको हकमा कार्यसमितिको सिफारिसमा नियुक्त हुन सक्नेछन्। यसरी नियुक्ति गरेका समितिका सदस्यहरुको नाम वार्षिक साधारण सभाबाट अनुमोदन गर्नु पर्नेछ।

## ३.११ कोष परिचालन सम्बन्धी व्यवस्था

सामुदायिक वन उपभोक्ता समूहको कोषको खाता उपभोक्ता समूहको कार्यसमितिले तोके बमोजिम अध्यक्ष वा सचिव मध्ये एक जना र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ। कोषको खातामा दस्तखत गर्ने मध्ये कम्तिमा एक जना महिला हुनु पर्नेछ।

उपभोक्ता समूहको कोषलाई पारदर्शी तथा न्यायोचित हिसाबले परिचालन एवं सदुपयोग गर्ने कार्यलाई विशेष जोड दिनु पर्दछ। उपभोक्ता समूहको कोषमा रहेको र कोषमा प्राप्त हुनसक्ने आम्दानीलाई विचार गरी अनिवार्य रुपमा वार्षिक योजना तर्जुमा गर्नु पर्नेछ। समूहको कोष परिचालन गर्दा आगामी वर्षको योजना तर्जुमा गरी साधारण सभाको निर्णय अनुसार मात्र खर्च गर्ने प्रबन्ध मिलाउनु पर्नेछ। योजना तर्जुमा गर्दा प्रचलित वन ऐन, नियमावली र सोको अनुसूचीमा गरिएको व्यवस्थाहरुलाई पनि आधार मानी गर्नु पर्नेछ। वन ऐन, २०७६ को दफा २२ द्वारा शिर्षक किटान भएका क्षेत्रहरुमा भएको खर्च स्पष्ट रूपमा देखिने गरी अनिवार्य रुपमा बहीखातामा व्यवस्थित गर्नु पर्नेछ।

वन ऐन, २०७६ को दफा २२ अनुसार उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नु पर्ने पच्चीस प्रतिशत (२५%) रकम अनुसूची ५ बमोजिमका क्रियाकलापमा खर्च गर्न सकिनेछ ।बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय[1] गरी गरीबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ। यसरी खर्च गर्दा सहभागितामूलक सम्पन्नता स्तरीकरणलाई आधार मानी वञ्चित, विपन्न, महिला, दलित, मधेशी, आदिवासी जनजाति, अपांगता भएका एवं पछाडि परेका वा पारिएका वर्गका उपभोक्ताहरूको लागि लक्षित कार्यक्रममा परिचालन गर्ने व्यवस्था मिलाउनु पर्दछ। कोषको परिचालन गर्दा यसै निर्देशिकाको दफा ५.१ मा उल्लेख भए बमोजिमको प्रक्रिया अवलम्बन गरी वार्षिक योजना तर्जुमा गर्नु पर्दछ।

साधारण सभा तथा समितिका हरेक बैठकपछि समूहको आम्दानी खर्चको विवरणसहित मूख्य निर्णयहरू सबैलाई जानकारी गराउने उद्देश्यले सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्दछ। कम्तिमा वर्षको एक पटक समूहको आम्दानी, खर्च, निर्णय, आदिको सार्वजनिक सुनवाई र सार्वजनिक लेखापरीक्षण गराउनु पर्दछ। समूहको लेखापरीक्षण गर्नको लागि लेखा परीक्षकको नियुक्ति कार्यसमितिबाट गर्नुपर्दछ। नियमावलीको नियम ४४(२) बमोजिम आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र लेखापरीक्षण प्रतिवेदनको एक/एक प्रति  सब डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालय र सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ। समयमा प्रतिवेदन नबुझाउने समितिका पदाधिकारी उपर प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

## ३.१२ राहत सम्बन्धी व्यवस्था

वन्यजन्तु, वन डढेलो वा अन्य प्राकृतिक प्रकोप लगायतबाट हुने क्षति बापत उपभोक्ता समूहले भएको क्षति र आफ्नो कोषको अवस्था हेरी तत्काल राहत स्वरुप रकम उपलव्ध गराउन सक्नेछ। वन विकास कार्यमा छुट्याईएको

[1] स्थानीय तहसँग समन्वय भन्नाले सम्बन्धित उपभोक्ता समूहले चालु/आगामी आर्थिक वर्षको वार्षिक योजना तर्जुमा गर्दा सम्बद्ध स्थानीय तहको राय सुझाव लिने, समूहले पारित गरेको योजनाको एक प्रति वडा कार्यालय वा पालिकाको कार्यालयमा उपलब्ध गराउने, समूह र स्थानीय तहबिच संयुक्त लगानी गरी कार्यक्रमहरु संचालन गर्न सक्ने कुरालाई जनाउँदछ।

२५% रकम यस शिर्षकमा खर्च गर्न पाईने छैन। यसरी राहत उपलब्ध गराउनु पूर्व क्षति एकिन गर्नका लागि उपभोक्ता समूहले सब डिभिजन वन कार्यालयबाट आवश्यक सहयोग लिन सक्नेछन्।

# परिच्छेद ४: सामुदायिक वन कार्ययोजना तयारी र वन हस्तान्तरण

यस परिच्छेदमा वन कार्ययोजना तयारी प्रकियाका सम्बन्धमा उल्लेख गरिएको छ। वन पैदावारको उपलब्धता र त्यसको माग तथा आपूर्ति सम्बन्धमा माथि परिच्छेद ३ मा उल्लेख भए अनुसार प्राप्त जानकारी सहित वनस्रोत, वातावरणीय सेवा, सामाजिक–आर्थिक अवस्था तथा अन्य वातावरणीय स्थिति लगायतका जानकारीको विश्लेषण गरी टोल वा समान चाहना भएका समूहहरूमा छलफल गर्नु पर्नेछ र छलफलबाट प्राप्त जानकारीको आधारमा कार्ययोजना तयार गरी साधारण सभाबाट पारित गराउनु पर्नेछ ।

कार्ययोजना तयारी र वन हस्तान्तरणका लागि निम्न कार्यहरू गर्नु पर्दछ।

## ४.१ कार्यतालिका तयारी

कार्ययोजना तयार गर्नुपूर्व उपभोक्ताहरूको छलफलबाट अनुसूची-४ बमोजिमका कार्यहरु कहिले, कसले, कहाँ र कसरी गर्ने भनी कार्यतालिका तयार गरी त्यसलाई कार्यान्वयन गर्नु पर्दछ। प्रत्येक कार्यहरुको विस्तृत विवरण ४.२ देखि ४.१२ सम्मका बुँदाहरुमा उल्लेख गरिएको छ।

## ४.२ सहभागितामूलक स्रोत नक्सा तयारी

सम्बन्धित वनको प्रभावित क्षेत्रको प्रतिनिधित्व हुनेगरी सबै भेगका उपभोक्ताका प्रतिनिधि, तदर्थ/कार्य समिति, स्थानीय तह अन्तर्गतका वडाका प्रतिनिधि तथा अन्य सरोकारवाला संघ संस्था/निकायका प्रतिनिधि समेतको संलग्नतामा सहभागितामूलक स्रोत नक्सा तयार गर्नु पर्दछ। नक्सा तयार गर्दा समुदाय र वन क्षेत्रमा भएका स्रोतहरू (भू-उपयोगका प्रकारहरु; काठ, गैर-काष्ठजन्य स्रोत तथा जडिवुटीहरुको क्षेत्र, वन पैदावार उत्पादनमूलक क्षेत्रहरु, वन विनास र क्षयीकरण तथा अतिक्रमित क्षेत्रहरु, चरीचरन क्षेत्र, कृषि क्षेत्र, अन्य उपयोगी वनस्पति तथा जनावरहरू पाइने क्षेत्र, वन्जन्तुका वासस्थान, मानव वन्यजन्तु द्वन्द्व सम्बेदनशील क्षेत्र, सिमसार तथा पानीका मुहानहरू, पानीको उपलब्धता हुने समय/अवधि, धार्मिक सांस्कृतिक महत्वका स्थानहरु, पर्यापर्यटनका लागि उपयुक्त क्षेत्रहरु, विकास पूर्वाधारका संरचनाहरु, आदि) तथा बिभिन्न जलवायुजन्य प्रकोपहरुबाट प्रभावित क्षेत्रको पहिचान गरी लेखाजोखा गर्नु पर्दछ । यसरी नक्सा तयार गरिसकेपछि समुदायले आफ्नो समुदाय र वनक्षेत्रको भविश्यमा बनाउन चाहेको अवस्था परिकल्पना गरी सो सम्बन्धी लक्ष्य तथा उद्देश्य निर्धारण गर्नको लागि छलफल गर्न सकिन्छ।

## ४.३ सहभागितामूलक वनस्रोत अवलोकन

सबै भेगका उपभोक्ता प्रतिनिधि, स्थानीय तहका सम्बन्धित वडाका उपलब्ध प्रतिनिधि तथा अन्य सरोकारवाला संघ संस्था/निकायका प्रतिनिधि एवं तदर्थ/कार्य समिति समेतको सहभागितामा वनक्षेत्रको सबै भेगमा पुग्ने गरी स्थलगत अवलोकन भ्रमण गर्नुपर्दछ। यसरी भ्रमण गर्दा त्यहाँका स्रोत, धरातलीय स्वरूप, वन पैदावारको उत्पादनमूलक क्षेत्रहरु, वातावरणीय सेवा प्रवाह गर्ने क्षेत्रहरु तथा बिभिन्न जलवायुजन्य प्रकोपहरुबाट प्रभावित क्षेत्रको अवलोकन गरी देहाय बमोजिमको जानकारीहरू संकलन गर्नुको साथै सम्भावित व्यवस्थापन सम्बन्धी क्रियाकलापहरूका बारेमा समेत छलफल गर्न पर्दछ। अवलोकन भ्रमणको क्रममा सहभागितामूलक स्रोत नक्सा साथ लिई जान उपयोगी हुन्छ।

- वनको अवस्थिति,
- मुख्य काष्ठजन्य प्रजातिहरुको विवरण,
- मुख्य गैरकाष्ठजन्य प्रजातिहरुको विवरण,
- लोपोन्मुख तथा दुर्लभ काष्ठजन्य, गैरकाष्ठ पदार्थ र जीवजन्तुहरुको विवरण,
- माटोको प्रकार, बनावट, गहिराई,
- वनको धरातलीय स्वरुप (उचाई, भिरालोपन, मोहडा, भू-बनोट),
- वन पैदावारको उत्पादनमूलक क्षेत्रहरु,
- वातावरणीय सेवा प्रवाह गर्ने क्षेत्रहरु,
- सिमसार तथा जलाशय क्षेत्रहरूको विवरण,
- वन क्षेत्रको भू-उपयोगको अवस्था (घाँसे मैदान, घना वन, झाडी, खुल्ला चौर, जलस्रोत, आदि)
- कृषि वन गर्न सकिने क्षेत्रहरु,
- वन विनास र क्षयीकरण तथा अतिक्रमित क्षेत्रहरु, चरीचरन क्षेत्र,
- प्रकोप जोखिम/प्रभावित क्षेत्रहरु (बाढी, पहिरो, नदी/खोला कटान, आगलागी हुने सम्भावित क्षेत्र, मिचाहा प्रजाति बढी भएको क्षेत्र, आदि),
- महत्वपूर्ण धार्मिक तथा संस्कृतिक सम्पदाहरु,
- वन्जन्तुका वासस्थान र मानव वन्यजन्तु द्वन्द्व सम्बेदनशील क्षेत्र,
- पर्यापर्यटनका लागि उपयुक्त क्षेत्रहरु,
- सम्भावित व्यवस्थापनका क्रियाकलापहरु,
- अन्य आवश्यक विवरण ।

## ४.४ सामाजिक, आर्थिक तथा जैविक-भौतिक अवस्थाको विश्लेषण

विधान तथा कार्ययोजनाको तयारीको क्रममा लिईएको सामाजिक, आर्थिक, मानवीय, प्राकृतिक, भौतिक स्रोत, तथ्य तथ्यांकहरूको विस्तृत अध्ययन गरी विभिन्न जातजाती, वर्ग, टोल तथा प्रथाजन्य व्यवसाय/पेशा अनुसार वन पैदावारको आवश्यकता, जीविकोपार्जन सुधार र सामुदायिक विकासका कार्यक्रमहरु सम्बन्धी विश्लेषण गर्नु पर्दछ। कार्ययोजना तयारी गर्दा उक्त विश्लेषणका नतिजालाई उपयोग गर्नु पर्दछ।

## ४.५ वन सिमाना सर्वेक्षण

प्रस्तावित सामुदायिक वनको सिमाना सर्वेक्षणको लागि नापी शाखाबाट प्राप्त नक्सा र फिल्डबुकलाई आधार बनाउनु पर्दछ। वन सिमाना सर्वेक्षण गर्दा उपभोक्ता समूह, डिभिजन वन कार्यालय र स्थानीय तहका प्रतिनिधिहरु समेतको प्राविधिक टोलिले उक्त वन क्षेत्रको सिमानाको G.P.S कोर्डिनेट सङ्कलन गरी Google Map, Satellite Images र Topo Map लाई समेत आधार मानी नक्सा तयार गर्नु पर्दछ। आवश्यकता अनुसार सिमाना सर्वेक्षणका लागि नापी कार्यालयको पनि सहयोग लिन सकिनेछ। वन सिमाना सर्वेक्षणबाट प्राप्त कोर्डिनेट प्रयोग गरी GIS मार्फत नक्सा तयार गर्नु पर्दछ र सोको आधारमा वनको क्षेत्रफल निर्धारण गरिन्छ। सिमाना निर्धारणमा कुनै विवाद उत्पन्न भएमा उपलब्ध कागजातहरुको अध्ययन तथा विश्लेषण र साविकदेखिको वनको भोग चलनको परम्परालाई आधार मानी सम्बन्धित सबै पक्षको छलफल र सहमतिका आधारमा वन सिमाना निर्धारण गर्नु पर्दछ।

## ४.६ वन स्रोत मापन एवं विश्लेषण

वन स्रोत सर्वेक्षण एवं मापन गर्दा मन्त्रालय र सम्बन्धित प्रदेशले तयार गरेको वन स्रोत सर्वेक्षण/मापन कार्यविधि तथा मार्गदर्शनलाई आधार मानी गर्नु पर्दछ। यसको लागि देहायका कार्यहरू गर्नु पर्दछ।

- कार्ययोजना तयार गर्नका लागि गरिएका घरधुरी सर्वेक्षणबाट प्राप्त जानकारीहरूको विस्तृत विश्लेषण गरी टोल एवं समान चाहना भएका समूह अनुसार लगत तयार गर्ने।
- समूहको आवश्यकता, वनको अवस्था र वन व्यवस्थापनको उद्देश्य अनुसार सामुदायिक वनलाई आवश्यकता अनुसार खण्ड (Block), उपखण्ड (Sub-Block) र कार्य इकाई (Working Unit) मा विभाजन गर्ने। सो कार्यको लागि satellite Images तथा google map को प्रयोग गर्न सकिन्छ।
- प्रचलित वन स्रोत सर्वेक्षण/मापन/ दिगो वन व्यवस्थापन कार्यविधि वा मापदण्ड तथा मार्गदर्शन अनुसार हरेक खण्ड तथा उपखण्डको काष्ठ तथा गैरकाष्ठ वनपैदावारको मौज्दात (Growing Stock/Important Value Index) र वार्षिक वृद्धिदर पत्ता लगाई वार्षिक संकलन गर्न सकिने परिमाण (Annual Allowable Cut/Harvest) निर्धारण गर्ने।
- वनस्रोत सर्वेक्षण गर्दा आवश्यकता अनुसार कार्बन व्यापारमा संलग्न हुने उपभोक्ता समूहले कार्वन उत्सर्जन न्यूनीकरण गर्न सक्ने र कार्वन सञ्चिति गर्न सक्ने सम्भावना आकलन गर्ने।

- वनस्रोत मापन गर्दा नवीनतम प्रविधि जस्तै Remote Sensing, Satellite Images, LiDAR को प्रयोग गर्न सकिनेछ।
- स्रोत सर्वेक्षण गरी वन कार्ययोजना तयार गर्दा वातावरणीय, आर्थिक र सामाजिक पक्षलाई ध्यान दिनु पर्नेछ।
- वृक्षारोपण तथा प्राकृतिक वनमा मौज्दात रुख संख्याको आधारमा पतल्याउने पद्धति (Thinning Regime) लागू गरी वार्षिक रूपमा हटाउनु पर्ने रुखको संख्या निर्धारण गर्नु पर्दछ।
- उपभोक्ताहरूको वन पैदावारको माग र त्यसको आपूर्तिको लागि वनबाट वार्षिक रूपमा संकलन गर्न सकिने परिमाणको विश्लेषण गरी वन सम्बर्धनका क्रियाकलापहरू जस्तै एक्ल्याउने, झाडी सफाई, काटछाँट गर्ने, पतल्याउने आदिको पहिचान गर्नु पर्दछ। यसरी वन सम्वर्द्धन कार्य गर्दा महत्वपूर्ण गैर काष्ठ वनपैदावार तथा अन्य उपयोगी वनस्पतिलाई नोक्सानी नहुने गरी गर्नुपर्दछ।
- वन विनाश र वन क्षयीकरणका कारक तत्वहरुको पहिचान र विश्लेषण गरी सो को सम्बोधनका क्रियाकलापहरु कार्ययोजनामा समावेश गर्नु पर्दछ।
- वन क्षेत्रमा पाइने महत्वपूर्ण, लोपोन्मुख र दुर्लभ जीवजन्तु र चरा चुरुङ्गीहरुको पनि विवरण संकलन गर्नु पर्दछ र उनीहरुको वासस्थान व्यवस्थापनका लागि कार्यक्रमहरु निर्धारण गर्नु पर्दछ ।
- वन पैदावारको आवश्यकता पूरा गर्न वैकल्पिक उपायको खोजी गर्नु पर्दछ । जस्तैः निजीमा कृषिवनको विकास तथा सामुदायिक वनमा वृक्षारोपण, स्थानीय तहमा रहेको सरकारी, ऐलानी, पर्ती, चौर आदी जस्ता जग्गामा स्थानीय तहको सहमतिमा वृक्षारोपण एवं संरक्षण, विद्युतीय चुल्हो, सुधारिएको चुल्हो, सोलार, बायोग्याँस, वनस्पति कोईला, आदि।
- वन क्षेत्रमा पाइने मुख्य मुख्य वातावरणीय सेवाहरुको सूचीकरण र प्राथमिकीकरण गरी कार्ययोजनामा समावेश गर्ने ।
- सामुदायिक वन भित्र संचालन गर्न सकिने पर्यापर्यटनको लागि सम्भाव्य स्थान (जस्तैः धार्मिक, संस्कृतिक, प्राकृतिक, आदि) र क्रियाकलापहरुको पहिचान गर्ने ।
- सामुदायिक वन क्षेत्रमा रहेका मुख्य मुख्य प्रकोप र तिनीहरुको जोखिम/प्रभावित क्षेत्रहरु (बाढी, पहिरो, नदी/खोला कटान, आगलागी हुने सम्भावित क्षेत्र, मिचाहा प्रजाति बढी भएको क्षेत्र, आदि) पहिचान तथा नक्शाङ्कन गर्ने।
- विपन्नहरूका लागि कृषिवन तथा अन्य आयमूलक कार्यमा प्रयोग गर्न दिन सकिने खालको जग्गा पहिचान । विपन्नहरूका लागि कृषिवन तथा अन्य आयमूलक कार्यमा प्रयोग गर्न दिन सकिने खालको जग्गा छ भने कुन ठाउँमा कति दिन सकिन्छ भन्ने पनि यही बेला ख्याल गर्नु पर्दछ।
- विपन्नहरूका लागि कृषिवन तथा अन्य आयमूलक कार्यमा प्रयोग गर्न दिन सकिने खालको जग्गा पहिचान । विपन्नहरूका लागि कृषिवन तथा अन्य आयमूलक कार्यमा प्रयोग गर्न दिन सकिने खालको जग्गा छ भने कुन ठाउँमा कति दिन सकिन्छ भन्ने पनि यही बेला ख्याल गर्नु पर्दछ।

- वनमा पाइने महत्वपूर्ण जडिबुटीहरुको पहिचान गरी ती प्रजातिको खेती विस्तार तथा उद्यम विकासका विषय उल्लेख गर्नु पर्दछ। जस्तैः बेल, काफल र गुराँसका सर्वत, धसिंगरेको तेल, अल्लोको धागो, पातको दुना टपरी, वनस्पति कोईला, लोक्ताको कागज, बेत, बाँस र निगालोका उत्पादन, आदिको स्रोत सर्वेक्षण गरी प्राप्त जानकारीको विश्लेषण गरेर त्यसको संक्षिप्त विवरण कार्ययोजनामा राख्नु पर्दछ ।

वन स्रोत सर्वेक्षणका तथ्यांकहरु विश्लेषण गरी उक्त सामुदायिक वन व्यवस्थापनका उद्देश्यहरु तय गर्नु पर्दछ र सो बमोजिम व्यवस्थापन, संरक्षण र सदुपयोगका क्रियाकलापहरु तयार गर्नु पर्दछ। जस्तैः वन पैदावारमा आधारित उद्यम स्थापना गर्ने हो भने सो को लागि आवश्यक पर्ने वन पैदावारको विस्तृत सर्वेक्षण गर्नु राम्रो हुन्छ भने काठ उत्पादन गर्ने वनको हकमा वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन क्षेत्र पहिचान तथा काष्ठ पैदावारको विस्तृत सर्वेक्षण गरी सो बमोजिम क्रियाकलापहरु समावेश गर्नु पर्दछ।

## ४.७ समान चाहना समूह तथा टोल छलफल

स्रोत विश्लेषणबाट प्राप्त जानकारी सम्बन्धित उपभोक्ता समूहका सदस्यहरु रहेका सम्पूर्ण टोलहरुमा बैठक गरी छलफल गर्नु पर्दछ। साथै समान चाहना भएका समूहहरूमा पनि यस किसिमको छलफल गर्नु पर्दछ। छलफल गर्दा विपन्न, महिला, दलित, मधेशी, आदिवासी जनजाति, अपांगता भएका एवं पछाडि परेका वा पारिएका वर्ग तथा वनबाट टाढा रहेका उपभोक्ताहरूको वन पैदावारको आवश्यकताको बारेमा समेत छलफल गर्नु पर्दछ। त्यसपछि उक्त छलफलहरूबाट आएका सुझावहरू समेतलाई समेटी कार्ययोजनामा उल्लेख हुनुपर्ने विषयवस्तुहरूका बारेमा उपभोक्ता समितिमा छलफल गर्नु पर्दछ र कार्य समितिबाट आएका विषयवस्तुहरूको सम्बन्धमा साधारण सभामा छलफल गरी आम सहमतिका आधारमा पारित गर्नु पर्दछ।

## ४.८ आम भेला/साधारण सभाबाट कार्ययोजना अनुमोदन

हरेक गाउँबस्ती र टोल बैठक तथा समान चाहना भएका समूहमा छलफल भएर आएको विषयवस्तुहरू लाई समूहको साधारण सभा/आम भेलामा पेश गरी आम सहमतिका आधारमा पारित गर्नुपर्दछ। यसमा विधान तयार गर्दा अपनाईने प्रक्रियाहरू नै अपनाएर छलफल गराउन सकिन्छ । छलफल गराउँदा सकेसम्म विषयवस्तुहरू नछुटुन भनेर सचेत रहनु पर्दछ। वन उपभोक्ता समूहका सदस्यहरूले वन कार्ययोजनाको बारेमा स्थानीय तहसँग पनि परामर्श गर्न सक्नेछन्। समूहले वन नियमावली, २०७९ को अनुसूची २४ मा उल्लेखित बुंदाहरूलाई समाबेश गरी कार्ययोजना तयार गर्नु पर्दछ।

## ४.९ वन कार्ययोजना स्वीकृति र वन हस्तान्तरण

उपभोक्ता समूहले राष्ट्रिय वनको कुनै भाग सामुदायिक वनको रूपमा लिन चाहेमा वन नियमावली, २०७९ को अनुसूची २३ बमोजिमको ढाँचामा निवेदन र साधारण सभाबाट अनुमोदित वन कार्ययोजना साथै राखी स्वीकृतिको लागि उपभोक्ता समूहका तर्फबाट समितिका अध्यक्षले हस्ताक्षर गरी सब डिभिजन वन कार्यालयको सहयोगमा डिभिजन वन कार्यालयमा पेश गर्नु पर्दछ। डिभिजनल वन अधिकृतले उपभोक्ता समूहले तयार गरेको वन कार्ययोजना अध्ययन र आवश्यक जाँचबुझ गरी कार्यालयमा पेश भएको कार्ययोजना वन ऐन र नियमावली विपरित भएमा सो को प्रष्ट कारण खुलाई उक्त कार्ययोजना ३० दिन भित्र वन उपभोक्ता समूहलाई फिर्ता पठाउनु पर्दछ। डिभिजनल वन अधिकृतले औंल्याएको विषयवस्तुहरू माथि उपभोक्ता समूहमा छलफल गरी निर्णय भए अनुसार कार्ययोजना संशोधन गरी डिभिजन वन कार्यालयमा पुनः पेश गर्नु पर्दछ। यसरी पेश भएको कार्ययोजना ३० दिन भित्र डिभिजनल वन अधिकृतले स्वीकृत गर्नु पर्दछ। स्वीकृत गर्न नसकिने अवस्था भएमा सोको कारण सहित लिखित जानकारी समूहलाई ३० दिन भित्र दिनु पर्दछ। कार्ययोजना स्वीकृति तथा वन हस्तान्तरण गर्दा वनको प्रकृति, वन स्रोतको उत्पादन अवस्था, भौगोलिक अवस्थिति, उपभोक्ता समूहको चाहना तथा क्षमता र पछि डिभिजन वन कार्यालयलाई कार्ययोजना नवीकरण वा संशोधनमा पर्न जाने कार्यबोझ समेतलाई मध्यनजर गरी कार्ययोजनाको समयावधि ५ देखि १० वर्षको हुनेछ।

वन कार्ययोजना स्वीकृत भएपछि वन नियमावली २०७९ को नियम ४६ को उपनियम (१०) का आधारमा समूहलाई अनुसूची ८ अनुसारका शर्तनामा गराई डिभिजन वन कार्यालयले वन नियमावलीको अनुसूची २५ मा उल्लेख भए अनुसारको सामुदायिक वन हस्तान्तरणको प्रमाण पत्र प्रदान गर्नु पर्दछ। सामुदायिक वन हस्तान्तरणको विवरण डिभिजनल वन अधिकृतले नियमावलीको नियम ४७ बमोजिम विभागले तयार गरेको सामुदायिक वनको डाटाबेसमा प्रविष्ट गर्नु पर्नेछ।

स्वीकृत कार्ययोजनाको प्रतिलिपि वन उपभोक्ता समूह, सम्बन्धित सब डिभिजन वन कार्यालय, डिभिजन वन कार्यालय र सम्बन्धित स्थानीय तहमा राख्नु पर्दछ। परिच्छेद २ को बुँदा २.२ मा उल्लेख भए वमोजिम मान्यता पाएका सामुदायिक वन भए सम्बन्धित जग्गाधनी वा संस्थालाई पनि एक प्रति कार्य योजना उपलब्ध गराउनु पर्दछ।
वन कार्ययोजनाको मुखपृष्ठको ढाँचा अनुसूची-९ मा दिईएको छ। मुखपृष्ठमा अनुसूची-११ बमोजिमको राष्ट्रिय डाटाबेसको कोड नम्बर उल्लेख गर्नु पर्दछ।

## परिच्छेद ५: विधान तथा वन कार्ययोजना कार्यान्वयन

यस परिच्छेदमा विधान तथा वन कार्ययोजना कार्यान्वयनको क्रममा वन उपभोक्ता समूहले अपनाउनु पर्ने प्रक्रियाको बारेमा उल्लेख गरिएको छ। समितिले वन हस्तान्तरणपछि विधान र कार्ययोजना सहित नियमित रूपमा टोल तथा समान चाहना भएका समूहमा गई यसमा उल्लेखित प्रावधानहरू सबै उपभोक्ताहरूलाई बुझाउनु पर्दछ। यसो गर्दा समूहले स्थानीय स्रोतव्यक्तिको सहयोग लिन सक्नेछ। वन कर्मचारीहरू र सामुदायिक वन विकास कार्यक्रमसँग सम्बद्ध अन्य सरोकारवालाहरूलाई पनि उक्त छलफलमा संलग्न गराउँदा प्रभावकारी हुन जान्छ। सामुदायिक वनको विधान तथा वन कार्ययोजना कार्यान्वयन गर्दा निम्न कार्यहरू गर्नु पर्दछ।

### ५.१ वार्षिक योजना तर्जुमा र कार्यान्वयन

विधान र वन कार्ययोजना अनुसार समूहले प्राप्त गर्ने अनुमानित आम्दानी, प्रस्तावित खर्च र उपलब्ध स्रोतलाई आधार मानी वार्षिक योजना तयार गर्नु पर्दछ । वार्षिक योजना तर्जुमा गर्दा माथि परिच्छेद ३.११ मा उल्लेख भए बमोजिम गर्नु पर्नेछ। समूहको बार्षिक योजनामा उल्लेख गर्न सकिने सम्भावित कार्यक्रमहरु निम्नानुसार हुनेछन्।

- वन संरक्षण, विकास र व्यवस्थापनका कार्यक्रम
- गरिबी न्यूनीकरणका कार्यक्रम
- महिला सशक्तिकरणका कार्यक्रम
- वन उद्यम विकासका कार्यक्रम
- पर्यापर्यटनका कार्यक्रम
- विपन्न, महिला, दलित, मधेशी, आदिवासी जनजाति, अपांगता भएका एवं पछाडि परेका उपभोक्ताहरूको लागि जीविकोपार्जनमा टेवा पुर्‍याउने खालका कार्यक्रम
- कृषि वन कार्यक्रम
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन र विपद व्यवस्थापनका कार्यक्रम
- राहत तथा मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका कार्यक्रम
- समूहको सदस्यको क्षमता अभिवृद्धि गराउन तालिम, गोष्ठी र भ्रमण कार्यक्रम
- सामुदायिक विकासका कार्यक्रम
- संस्थागत विकासका कार्यक्रम
- उपभोक्ता समूहको हितमा हुने अन्य कार्यक्रम

कार्यक्रमहरु निर्धारण गर्दा अनुसूची ५ लाई आधार मान्नु पर्नेछ। वार्षिक योजना र कार्यक्रम तर्जुमा गर्दा सबै टोल र समान चाहना भएका समूहसँग छलफल गरी सबैका विचार समेट्नु पर्दछ। वार्षिक कार्यक्रमहरु तय गर्दा

स्थानीय तहका सम्बन्धित वडा कार्यालयका प्रतिनिधि र सब डिभिजन/डिभिजन वन कार्यालय तथा अन्य सरोकारवाला संस्थाहरुलाई समेत समावेश गर्न सकिनेछ। यसरी तयार गरेको कार्यक्रम समूहको साधारण सभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्दछ।

## ५.२ सुशासन सुदृढीकरण

सुशासन सुदृढीकरण गर्न उपभोक्ताहरूले आफ्नो अधिकारको खोजी गर्नुका साथै कर्तव्य र जिम्मेवारी बहन गर्नुपर्दछ। उपभोक्ता समूहको सुशासनको सुदृढीकरण भएमा समूहका विभिन्न गतिविधिहरुमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न मद्दत पुग्दछ। साथै यसबाट अन्य सेवा प्रदायक निकायहरूमा समेत पारदर्शिता र जवाफदेहिता वृद्धि गर्न मद्दत पुग्दछ।

**सुशासन सुदृढीकरणका लागि देहायका कार्यहरू गर्नुपर्दछ।**

- समूहमा सुशासन (सार्थक सहभागिता, समावेशी प्रतिनिधित्व, न्यायोचितता, लैङ्गिक समानता र समता, समावेशीकरण, पारदर्शिता, जवाफदेहिता, विधिको शासन) सुदृढ गर्नको लागि आवश्यक सूचकको निर्धारण गर्नु पर्दछ। यिनै सूचकको आधारमा समूहको साधारण सभामा छलफल गरी समुहको सुशासनको अवस्था आँकलन गर्न सुशासन सुदृढीकरण योजना तयार गर्नु पर्दछ। यसको लागि माकुरी जालो[२] विधि लगायत अन्य सुशासन सुदृढीकरण सम्बधी सहभागितामूलक विधिहरुको प्रयोग गर्न पनि सकिन्छ।
- उपभोक्ता समूहको साधारणसभा, समितिको बैठक, कार्यसमितिको छनौट/निर्वाचन प्रक्रिया, पुरस्कार तथा दण्ड सजायँ आदि विधान बमोजिम गर्ने।
- समूहको कार्यक्रम, आम्दानी, खर्च, वनपैदावारको विक्री वितरण प्रक्रिया, समूहमा भएका निर्णयहरू र कार्यान्वयनको अवस्था, आदिको बारेमा वर्षको कम्तिमा एकपटक सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखापरीक्षण गर्नु पर्दछ। सार्वजनिक सुनुवाईका लागि सम्बन्धित निकाय वा संघ संस्थाबाट सहजीकरणको लागि सहयोग लिन सकिनेछ।
- समूहको आम्दानी, खर्च, कार्यक्रम र बैठकको निर्णयको जानकारी नियमित रूपमा उपभोक्तालाई पायक पर्ने सार्वजनिक ठाउँमा सूचना टाँस गरी जानकारी गराउने र समूहका सदस्यहरूवीच समय समयमा छलफल तथा बहस गर्नु पर्दछ ।
- निर्णय प्रकृयामा विपन्न, महिला, दलित, मधेशी, आदिवासी जनजाति, अपांगता भएका एवं पछाडि परेका वा पारिएका उपभोक्ताहरूको अर्थपूर्ण सहभागिता जुटाई सो वर्गको नेतृत्व विकासमा सहयोग गर्नु पर्दछ। यी

---

- [2] माकुरी जालो भन्नाले सहभागितामूलक तरिकाबाट समूहको अवस्था मूल्याङ्कन गर्न प्रयोग गरिने एक किसिमको विधिलाई जनाउँदछ।

वर्गका लागि सकारात्मक विभेद (समितिमा प्रतिनिधित्व गर्न विशेष ग्राह्यता, क्षमता अभिवृद्धि, जीविकोपार्जन सम्बन्धी कार्यक्रममा विशेष अवसर जस्ता कार्यहरू) समेत गर्नुपर्दछ।

- वनपैदावार विक्री वितरण र सामुदायिक विकासको कार्यक्रम सञ्चालन गर्न तथा यसको जानकारी समूहका उपभोक्ताहरूलाई निरन्तर रूपमा उपलब्ध गराउन आवश्यकता अनुसार उपसमिति गठन गर्नु पर्दछ
- आवश्यकता अनुसार उपसमिति गठन गरी वनपैदावार विक्री वितरण र सामुदायिक विकासको कार्यक्रम सञ्चालन गर्नु पर्दछ र यसको जानकारी समूहका उपभोक्ताहरूलाई निरन्तर रूपमा उपलब्ध गराउनु पर्दछ।

- समूहमा सञ्चालन गरिने सबै कार्यक्रमहरूको अनुगमन गर्न विपन्न, महिला, दलित, मधेशी, आदिवासी जनजाति, अपांगता भएका एवं पछाडि परेका वा पारिएका उपभोक्ताहरूलाई समेत संलग्न गराई सहभागितामूलक अनुगमन समितिको गठन गर्नु पर्दछ।
- वन कार्यसमितिले समूहमा सम्पन्नता स्तरीकरण गरी छनोट गरिएका विपन्न वर्गको लागि गरेको लगानी र सो बाट प्राप्त गरेको उपलब्धिको कम्तिमा अर्धवार्षिक रूपमा समिक्षा तथा विश्लेषण गर्नुपर्दछ।

## ५.३ विपन्नमूखी जीविकोपार्जन

सामुदायिक वन उपभोक्ता समूहभित्र रहेका विपन्न, महिला, दलित, मधेशी, आदिवासी जनजाति, अपांगता भएका एवं पछाडि परेका वा पारिएका उपभोक्ताहरूको आर्थिक सशक्तीकरणका लागि विपन्नमुखी जीविकोपार्जन कार्यक्रम सञ्चालन गर्नु पर्दछ। यस अन्तर्गत सहुलियत वा निशुल्क रूपमा वन पैदावार बितरण गर्ने, वन नियमावलीको नियम ५३ बमोजिम विपन्न वर्गको लागि सामुदायिक वनको कुनै भाग गरिबीको रेखामुनी रहेका उपभोक्ताको छुट्टै समूह बनाई कबुलियती वनको रूपमा प्रयोग गर्न दिने, उपभोक्ताहरुको सिप तथा क्षमता अभिवृद्धि का लागि विभिन्न, आयमूलक कार्यक्रम संचालन गर्न् तथा ऋण तथा अनुदान सहयोग जस्ता कार्यक्रमहरु पर्दछन्। विपन्नमूखी जीविकोपार्जन कार्यक्रमलाई प्रभावकारी वनाउनको लागि विपन्न, महिला, दलित, मधेशी, आदिवासी जनजाति, अपांगता भएका एवं पछाडि परेका वा पारिएका उपभोक्ताहरूको सामाजिक एवं आर्थिक अवस्थामा सुधार ल्याउन निम्न कार्य गर्नुपर्दछ।

- उपभोक्ताहरुको सहभागितामूलक सम्पन्नता स्तरीकरण गरी विपन्न तथा अति विपन्न उपभोक्ताहरुको पहिचान गर्ने।
- वार्षिक कार्ययोजनामा योजनामा विपन्न तथा अति विपन्न घरधुरीलाई गरिने वस्तुगत र आर्थिक सहयोग एकिन गर्नुपर्छ।
- वस्तुगत, आर्थिक र अन्य अनुमानित स्रोतको आधारमा विपन्न घर परिवार आफैले के गर्न सक्छन्, उनीहरूको क्षमता, चाहना, सीप, बजार, आदिको समेत मूल्याङ्कन गरी विपन्न घर परिवार आफैले समूहको सहयोगमा

जीविकोपार्जन योजना तयार गर्नुपर्छ। यसका लागि आवश्यक परेमा डिभिजन वन कार्यालय लगायत अन्य सरोकारवाला सहयोगी निकायहरूको समेत सहयोग लिन सकिन्छ।

- समूहले जीविकोपार्जन कार्यक्रमबाट अतिविपन्न, सीमान्तकृत, भूमिहीन, एकल महिला, दलित, आदिवासी जनजाति, अपांगता भएका र पछाडि परेका वा पारिएका उपभोक्ताहरूलाई पुर्‍याईएको सहयोगको अनुगमन तथा मूल्याङ्कन जीविकोपार्जन कार्यक्रममा समाबिष्ट घरपरिवार र समूह आफैले, डिभिजन वन कार्यालय तथा सरोकारवाला सहयोगी निकायहरू गर्न सक्नेछन्।
- वन हेरालु, कार्यालय सहायक, वन उद्यम, वन व्यवस्थापन जस्ता कार्यहरुबाट सृजना हुने रोजगारीमा अतिविपन्न, सीमान्तकृत, भूमिहिन, एकल महिला, दलित, आदिवासी जनजाति, अपांगता भएका र पछाडि परेका वा पारिएका उपभोक्ताहरूलाई पहिलो प्राथमिकता दिनुपर्दछ।
- विपन्नमुखी कार्यक्रम संचालन गर्दा परम्परागत ज्ञान र सीपमा आधारित वन पैदावारमा आधारित उद्यमलाई प्रोत्साहन दिनुपर्दछ।
- बिपन्नमुखी कार्यक्रमबाट आएका सकारात्मक र नकारात्मक प्रभावहरूको नियमित रुपमा अनुगमन र मूल्याङ्कन गरी अभिलेखीकरण गर्नु पर्दछ।
- जीविकोपार्जन सुधारको लागि वनक्षेत्र प्रयोग गर्न दिने हकमा वन नियमावली २०७९ को नियम ५३ को उपनियम (६) बमोजिम गर्नु पर्दछ र समूह भित्रका  विपन्न वर्ग वीचको सम्झौताको लागि वन नियमावली २०७९ को अनुसूची ३१ बमोजिम गर्नु पर्नेछ।

## ५.४ दिगो वन व्यवस्थापन

दिगो वन व्यवस्थापनको माध्यमबाट समूहको आवश्यकता परिपूर्ति गर्नुका साथै समूहलाई बढी भएको वनपैदावार वन नियमावली, २०७९ मा उल्लेखित निर्धारित प्रकृया अवलम्बन गरी समूह बाहिर विक्रीवितरण गर्न सकिन्छ ।सामुदायिक वनका केही निश्चित वन पैदावारहरु छिमेकी सामुदायिक वन उपभोक्ता समूह वा वडा कार्यालयले अनुरोध गरेका प्रकोप पीडित परिवारको हकमा निःशुल्क वा न्यूनतम शुल्कमा उपलब्ध गराउन सकिनेछ। सामुदायिक वन उपभोक्ता समूहले समूह भित्रका सदस्यहरुलाई वितरण गर्ने काठ दाउरा, बल्लाबल्ली, पोलहरू र गैरकाष्ठ वन पैदावारहरुको न्यूनतम वा अधिकतम मूल्य समूहको साधारण सभाबाट निर्धारण गरी कार्ययोजनामा उल्लेख गरे बमोजिम हुनेछ। वन व्यवस्थापनको लागि नेपाल सरकारले लागू गरेको दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड/कार्यविधि र सम्बन्धित प्रदेशको मापदण्ड/कार्यविधिलाई अवलम्बन गर्नु पर्नेछ। दिगो वन व्यवस्थापनका कार्य गर्दा क) कानुनको परिपालना र सुशासन, ख) लैङ्गिक समानता, सामाजिक समावेशीकरण र संस्कृतिक मूल्यमान्यता, ग) उत्पादन, उत्पादकत्व वृद्धि र आर्थिक समृद्धि, घ) वातावरणीय सुरक्षा र ङ) अनुगमन, मूल्याङ्कन, अनुसन्धान र ज्ञान व्यवस्थापन जस्ता सिद्धान्तहरुको सुनिश्चितता गर्नु पर्दछ।

सामुदायिक वनको कार्ययोजनामा उल्लेख गरिए अनुसार वन पैदावारको उत्पादनमा वृद्धि ल्याउन निम्न कार्यहरू गर्नु पर्दछः

- **वन संरक्षणः** चरिचरन, वन डढेलो, चोरी शिकारी, चोरी कटानी, वन अतिक्रमण, मिचाहा प्रजातिको फैलावट, पूर्वाधार निर्माण, विपद् प्रकोप र अन्य मानवीय गतिविधि, आदिबाट सामुदायिक वनलाई जोगाउने कार्यहरु गर्नु पर्दछ।
- **वन संवर्द्धनः** वन संवर्द्धन सम्बन्धी कार्य गर्दा नेपाल सरकार तथा प्रदेश सरकारद्वारा लागू गरिएका वन संवर्द्धन प्रणाली एवं वन स्रोत सर्वेक्षण कार्यविधिको अवलम्बन गर्नु पर्नेछ । सामुदायिक वनमा वन संवर्द्धन प्रणाली अवलम्बन गर्दा उपभोक्ता समूहको साधारण सभाले छनौट गरेका र वनको अवस्था अनुसारका प्रणालीलाई प्राथमिकता दिनु पर्नेछ। यस अन्तर्गत एक्ल्याउने, झाडी सफाई, हाँगा काँटछाँट गर्ने, पत्ल्याउने, अग्नि रेखा निर्माण र मर्मत, जल पुनर्भरण पोखरी निर्माण, खाली ठाउँमा वृक्षारोपण, समृद्धि वृक्षारोपण (Enrichment Plantation), मिश्रित वन बनाउने जस्ता कार्य गरी वनको हैसियत सुधार्दै लैजानु पर्दछ। वन संवर्द्धनका कार्यहरु गर्दा जैविक विविधता संरक्षण तथा जलवायु परिवर्तनका असरहरु न्यूनीकरण र अनुकूलन गर्ने जस्ता क्रियाकलापहरुमा ध्यान दिनु पर्दछ। सामुदायिक वनमा रुख एवं जडीबुटी प्रजातिका वृक्षारोपण गर्दा स्थानीय रैथाने प्रजातिलाई प्राथमिकता दिनु पर्दछ।
- **वनपैदावार सदुपयोगः** वन कार्ययोजनामा उल्लेखित वार्षिक रूपमा प्राप्त गर्न सकिने परिमाणको आधारमा वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन मार्फत वनको उत्पादन तथा उत्पादकत्व बढाई वन पैदावारमा आधारित उद्योग/उद्यमको लागि चाहिने कच्चा पद्धार्थको उचित आपूर्तिको व्यवस्था गरी रोजगारी सिर्जना गर्न प्राथमिकता दिनु पर्दछ। साथै स्थानीय तथा प्रथाजनित् परम्परागत ज्ञान र सीपमा आधारित वन उद्यमलाई आवश्यक पर्ने कच्चा पदार्थको प्रयाप्तता र निरन्तरता सुनिश्चित गर्ने गरी वन पैदावरको उत्पादन तथा उपयोगमा पनि ध्यान दिनु पर्दछ।

समूहले कार्ययोजना वमोजिम प्राप्त गरेको काठ उपभोक्ता समूहको टाँचा प्रयोग गरी नजिकको वन कार्यालयमा जानकारी गराई पायक पर्ने स–मिलमा लगी चिरान गर्न सकिनेछ ।यसको अनुगमन सामुदायिक वन उपभोक्ता समूहको कार्यसमिति स्वयंले गर्नु पर्दछ।

## ५.५ वनमा आधारित उद्यम विकास

- वन पैदावारमा आधारित उद्योग/उद्यमको स्थापना गर्दा सामुदायिक वनबाट प्राप्त हुने कच्चा पदार्थको उचित आपूर्तिको सुनिश्चित गरी रोजगार सिर्जना गर्न प्राथमिकता दिनु पर्दछ। कच्चा पदार्थको निकासी गर्दा कम्तीमा ***एक तहको प्रशोधन*** गरी आपूर्ति गर्नु पर्दछ।

- समुदायमा आधारित उद्यम/उद्योग स्थापना तथा संचालन गर्दा स्थानीय तथा प्रथाजनित् परम्परागत ज्ञान र सीपमा आधारित वन उद्यमलाई प्राथमिकता दिनु पर्दछ।
- सकभर सो क्षेत्रमा भएका सामुदायिक वन उपभोक्ता समूहहरुको क्लस्टर बनाएर स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेका वन पैदावारमा आधारित वन उद्यम दिगो रुपमा संचालनमा प्राथमिकता दिनुपर्दछ। यसरी वन उद्यम संचालन गर्दा उक्त क्षेत्रमा रहेका सामुदायिक वन तथा निजी वनहरुबाट प्राप्त हुन सक्ने सम्भाव्य पैदावारहरुको परिमाण र वन उद्यम सम्बन्धी क्रियाकलाप सहित व्यवसायिक योजना तयार गरी प्रचलित कानून बमोजिम वन उद्यम दर्ता गर्नु पर्दछ। कच्चा पदार्थ वा अर्ध कच्चा पदार्थको रुपमा वन पैदावार विक्रीका लागि भने अलग्गै उद्यम दर्ता गर्नु पर्ने छैन र समूहले आफ्नो रसिदमा समूहको छाप लगाई र प्यान नम्बर उल्लेख गरी विक्री वितरण गर्न सक्नेछ।

वन पैदावारमा आधारित अनुसूची-३ मा उल्लेखित सम्भाव्य उद्योग/उद्यम विकास कार्यक्रम सञ्चालनको लागि देहायका कार्यहरू गर्न सकिन्छ।

- उद्यम सञ्चालन तथा व्यवस्थापनको प्रकृया निर्धारण गर्ने।
- वनमा रहेको कच्चा पदार्थहरूबाट सञ्चालन गर्न सकिने सम्भाव्य उद्यमहरूको सूची तयार गर्ने।
- कुन किसिमको उद्यम सञ्चालन गरेमा फाईदा हुन्छ त्यसको मूल्य श्रृंखला सम्भाव्यता अध्ययन (Value Chain Analysis) गरी छनोट गर्ने।
- कच्चा पदार्थ आपूर्ति सम्बन्धी उद्यम संचालन गर्दा मुल्य अभिवृद्धि गर्न सकिने सम्भाव्यताको अध्ययन गर्ने।
- उद्यम सञ्चालनबाट कुन वर्गका कतिजना लाभान्वित हुन सक्छन् लेखाजोखा गर्ने।
- उद्यमबाट उत्पादन भएका वस्तुको बजारको खोजी गरी यसको खपत सुनिश्चित गर्ने।
- उद्यम सञ्चालन गर्न सहयोग गर्न सक्ने सरोकारवालाहरूको सूची तयार गर्ने र कसले कस्तो भौतिक, आर्थिक, सीपमूलक तथा अन्य प्राविधिक सहयोग गर्न सक्छ सो को जानकारी संकलन गरी सहयोगका लागि पहल गर्ने।
- सम्भाव्यता हेरी सामुदायिक वनको भू–उपयोग र जैविक विविधतामा समेत टेवा पुग्ने गरी स्वीकृत कार्य योजनामा उल्लेख गरिए अनुरुप पर्यापर्यटनको विकास गर्ने।
- वन पैदावारमा आधारित उद्यम स्थापना गर्दा विपन्न वर्ग, आदिबासी जनजाति, महिला तथा दलित समुदायले सञ्चालन गर्न सक्ने र यस्ता वर्गको परम्परागत ज्ञान र सीपलाई प्रवर्धन गर्ने खालका वन उद्यम स्थापना र सञ्चालन गर्न प्राथमिकता दिने।
- अतिविपन्न, सीमान्तकृत, भूमिहिन, एकल महिला, आदिवासी जनजाति र दलितहरुलाई वन पैदावारमा आधारित उद्योग तथा उद्यमहरुमा रोजगारीका लागि प्राथमिकतामा दिनु पर्दछ।
- वन पैदावारमा आधारित उद्योग स्थापना गर्दा उपभोक्ता समूहमा रहेका विपन्न वर्गका लागि उपभोक्ता समूहले शेयर लगानी गरी दिन सक्नेछ।

## ५.६ सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम

सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि पहिचान भएका क्षेत्रमा सञ्चालन गरिने पर्यापर्यटन गतिविधिका बारेमा कार्ययोजनामा विशेष परिच्छेद राखी स्पष्ट व्यवस्था सहित सञ्चालन गरिने सम्भाव्य क्रियाकलापहरुका बारेमा उल्लेख गर्नु पर्दछ । नेपाल सरकारले बनाएको मापदण्डको आधारमा स्वीकृत वन कार्ययोजनामा वन नियमावलीको अनसूची ३० बमोजिमका क्रियाकलापहरु समावेश गर्नु पर्दछ। उक्त कार्यक्रम संचालनको लागि अन्य सरकारी निकायहरुसँग पनि सम्बन्धित हुने भएमा तत् तत् निकायको समेत स्वीकृति लिनु पर्दछ। पर्यापर्यटन कार्यक्रम सन्चालन गर्नको लागि प्रचलित कानून बमोजिम कार्य समितिले स्थानीय तह वा अन्य सरोकारवाला निकायहरुसँग साझेदारी गर्न वा सहयोग लिन सक्नेछ। यसरी कार्यक्रम संचालन गर्दा उक्त सामुदायिक वनको विद्यमान हैसियत र प्राकृतिक वातावरणमा प्रतिकूल असर नपर्ने सुनिश्चितता गर्नु पर्दछ। उक्त कार्यक्रमको लागि सामुदायिक वन भित्र भौतिक संरचना निर्माण गर्नु परेमा ढुङ्गा र माटो वा स्थानीय रूपमा पाउने प्राकृतिक स्रोत र साधनको प्रयोगलाई प्राथमिकता दिनु पर्दछ।

सामुदायिक वनमा सञ्चालन गरिने पर्यापर्यटन कार्यक्रमको अलग्गै योजना बनाउन पनि सकिन्छ र यस्तो विशेष योजनालाई डिभिजन वन कार्यालयबाट स्वीकृत गराउनु पर्दछ। यसरी स्वीकृत भएको विशेष योजना वन कार्ययोजनाकै अङ्ग मानिनेछ। सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रमका लागि स्थानीय तह वा कुनै पनि सरकारी निकाय वा संघ संस्थाबाट अनुदान लिँदा वा सहयोग प्राप्त गर्दा उपभोक्ता समूहको कोषमा नै अनुदान प्राप्त गरी उपभोक्ता समूहको कार्यसमिति मार्फत् कार्यक्रम सञ्चालन गर्नु पर्दछ र यसका लागि उपभोक्ता समूह भन्दा बाहिर छुट्टै संयन्त्र बनाई अनुदान खर्च गर्न वा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न पाइने छैन। सामुदायिक वन क्षेत्रमा रहेका धार्मिक तथा सांस्कृतिक महत्व भएका सम्पदा तथा क्षेत्रहरुको संरक्षण, व्यवस्थापन र सदुपयोग पनि सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह मार्फत नै गर्नु पर्दछ र यस्ता क्षेत्रहरुमा अन्य पक्षले हस्तक्षेप गरेमा प्रचलित वन ऐन, कानून बमोजिम सो कार्य रोक्नु पर्दछ।

## ५.७ वातावरणीय सेवा सुविधाको प्रवर्द्धन

सामुदायिक वनको दिगो व्यवस्थापनबाट उपलब्ध हुने जलस्रोत, जलाधार एवं जैविक विविधता संरक्षण, भूदृश्य, सौन्दर्य जस्ता पर्यापर्यटकीय गतिविधि तथा कार्वन सञ्चिति जस्ता वातावरणीय सेवाहरूको सम्भावनाको खोजी गरी तिनको उपयोग गरेर आयआर्जनको अवधारणालाई अगाडि बढाउन सकिनेछ। आवश्यकता अनुसार समूहले स्वीकृत वन कार्ययोजना बमोजिम कार्बन उत्सर्जन न्यूनीकरण र कार्वन सञ्चिति गरी कार्वन व्यापारमा सहभागी हुने वा सम्बन्धित निकायलाई सहमति दिन सक्नेछन्। सामुदायिक वनमा सञ्चालन गरिने वातावरणीय सेवा व्यवस्थापनका कार्यक्रमको लागि डिभिजन वन कार्यालयबाट स्वीकृत गराई अलग्गै योजना बनाउन सकिनेछ। उक्त योजना वन कार्ययोजनाको अभिन्न अङ्गको रुप मानिनेछ।

वातावरणीय सेवा जस्तैः कार्बन व्यापारबाट भुक्तानी प्राप्त गर्ने समूहले उक्त रकम वन विनास र वन क्षयीकरण नियन्त्रण, उत्सर्जन न्यूनीकरण, जलवायु प्रभाव न्यूनीकरण तथा अनुकूलनका साथै आवश्यक सामुदायिक विकासका कार्यहरु वन कार्ययोजनामा उल्लेख गरी समावेशी सिद्धान्तको आधारमा खर्च गर्नु पर्नेछ। वातावरणीय सेवा सुविधाको प्रवर्द्धनको लागि वन ऐन, २०७६ को दफा ४४ बमोजिम तपसिललमा उल्लेख गरिएका प्रक्रियालाई अवलम्बन गर्न सकिनेछः

- वन क्षेत्रमा पाइने मुख्य मुख्य वातावरणीय सेवाहरुको सूचीकरण तथा प्राथमिकीकरण गर्ने,
- प्राथमिकिकरण गरिएको उक्त सूचीबाट प्रचुरता, बजारको माग र क्रेताको खरिद गर्ने ईच्छाको आधारमा उपयुक्त वातावरणीय सेवाहरुको पहिचान गर्ने,
- सम्भावित क्रेताहरुको पहिचान गरी मुख्य वातावरणीय सेवाहरुलाई आपसी सम्झौताका आधारमा बिक्री गर्ने र आर्जन भएको रकमबाट वन संरक्षण, व्यवस्थापन र सामुदायिक विकासमा खर्च गर्ने,
- वातावरणीय सेवाको बिक्री तथा उपयोग गर्दा विभिन्न Market Based Approaches जस्तै PES, Bio-financing, वन प्रमाणीकरण, Green Sticker आदिको अवधारणा अपनाउन सकिने।

## ५.८ जलवायु परिवर्तन अनुकूलन कार्यक्रम

सामुदायिक वन उपभोक्ता समूहले अनुसूची ६ बमोजिम समुदायमा आधारित जलवायु परिवर्तन सम्बन्धी अनुकूलन कार्यक्रम तयार गरी वन कार्ययोजनामा समावेश गर्न सक्नेछ ।

## ५.९ उत्सर्जन न्यूनीकरण कार्यक्रम

वन क्षेत्रबाट हुने उत्सर्जन न्यूनीकरण गर्नको लागि वन विनाश र वन क्षयीकरणका कारक तत्वहरुको पहिचान गरी सो को सम्बोधनका लागि कार्ययोजनामा समावेश क्रियाकलापहरु कार्यान्वयन गर्नु पर्दछ।

## ५.१० सामुदायिक वनमा कृषि वन प्रणाली

वन अतिक्रमण नहुने र सामुदायिक वनको हैसियतमा सुधार हुने गरी वनस्रोतमा निर्भर रही जीवन निर्वाह गर्ने अतिविपन्न, सीमान्तकृत, भूमिहिन, एकल महिला, आदिवासी जनजाति र दलित वर्ग लगायत ईच्छुक सदस्यहरुका लागि कफी, चिया र अन्नवाली बाहेकका बहुबर्षीय जडीबुटी एवं गैरकाष्ठ वन पैदावार र कृषिजन्य रुख प्रजातिका फलफूल, कन्दमूल, डालेघाँस र जंगली खाद्यमा आधारित कृषि वनको अभ्यासलाई प्रवर्द्धन गर्न सकिनेछ।

सामुदायिक वनमा कृषि वन अवलम्बन गर्दा बीस प्रतिशत भन्दा कम वन छत्र घनत्व भएको, अतिक्रमणको सम्भावना भएको, चरीचरण तथा वाह्य मिचाहा प्रजातिबाट जोखिम रहेको स्थान, नदि उकास क्षेत्रहरुलाई प्राथमिकता दिनु पर्दछ। यसको लागि समूहले स्थानीय सरकार र अन्य सरोकारवालाहरूसँग पनि सहयोग लिन सक्नेछन्। कृषि

वन संचालनको लागि वन हस्तान्तरण गर्दा वन नियमावली, २०७९ को अनुसूची ३१ बमोजिम सम्झौता गर्नु पर्नेछ। कृषि वन संचालन गर्न तपशिल बमोजिमका चरणहरू अवलम्बन गर्नु पर्दछ।

**सर्वेक्षण र योजना निर्माणः**

- **स्थान छनौटः** सामुदायिक वनको कुन क्षेत्र कृषि वनको लागि उपयुक्त छ भन्ने कुरा निर्धारण गर्न आवश्यक हुन्छ।यसका लागि माटोको प्रकार, जमिनको मोहडा/ढलान, पानीको स्रोत र वनस्पतिको अवस्थाको अध्ययन गर्नुपर्छ। यसरी स्थान छनौट गर्दा हैसियत बिग्रेको वन क्षेत्रलाइ प्राथमिकता दिनु पर्दछ।
- **योजना तर्जुमाः** कृषि वनको लागि के, कहाँ, कहिले, कसरी र कसले गर्ने भन्ने कुरा विस्तृत रुपमा खुलाई योजना बनाउनु पर्दछ।
- **प्रणाली छनौटः** यसरी कृषि वन अवलम्बन गर्दा वन क्षेत्रमा रहेका रुखहरु हटाउन पाइने छैन। त्यसैगरी अन्नबाली र पशु चरीचरणसँग सम्बन्ध राख्ने खालका कृषि वन प्रणाली अपनाउन पाइने छैन। साथै प्रणाली छनौट गर्दा वनको हैसियत सुध्रिने खालको प्रणाली छनौट गर्नु पर्नेछ।

**विपन्न उपभोक्ताहरुको सहभागिताको सुनिश्चितताः**

- **विपन्न उपभोक्ताहरुको सहभागिताः** कृषि वन कार्यक्रममा अतिविपन्न, सीमान्तकृत, भूमिहिन, एकल महिला, आदिवासी जनजाति र दलित वर्गका उपभोक्ताहरूलाई प्राथमिकता दिनु पर्नेछ।कृषि वनको महत्व र त्यसको सही तरिकाले व्यवस्थापन गर्ने ज्ञान अभिवृद्धिका लागि उनीहरुलाई प्रशिक्षण र जागरूकता सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ।
- **कार्ययोजनामा समावेशः** सामुदायिक वन कार्ययोजनामा कृषि वन प्रणालीलाई समावेश गर्न सकिनेछ र कृषि वन प्रणाली अवलम्बन गर्दा परम्परागत र रैथाने ज्ञानमा आधारित पर्यावरणीयमैत्री प्रणालीलाई प्राथमिकता दिनु पर्नेछ र कृषि वन अवलम्बन गरिएको वन क्षेत्रमा रासायनिक मल, जीव तथा किटनाशक औषधी तथा कुनै पनि प्रकारका रसायन प्रयोग गर्न र एकल प्रजाति र आयातित प्रजाति लगाउन पाईने छैन।

**सदस्यहरूको भूमिका निर्धारणः**

- **भूमिका विभाजन** : कृषि वनमा संलग्न हुने उपभोक्ताहरूको छुट्टै उपसमूह बनाएर यस मार्गदर्शनको परिच्छेद ५.३ मा उल्लिखित प्रकिया बमोजिम सम्झौता गरी कार्यक्रम अगाडि बनाउनु पर्दछ। उपसमूहमा सहभागी प्रत्येक सदस्यको भूमिका स्पष्ट गर्नुपर्छ। उदाहरणका लागि, वन बाली रोप्ने, रूख विरुवा संरक्षण गर्ने, रुख विरुवालाई पानीको प्रवन्ध गर्ने र उत्पादनको बिक्री-वितरणलाई व्यवस्थापन गर्ने कार्यहरू कस-कसको जिम्मेवारी हो स्पष्ट रुपमा विभाजन भएको हुनु पर्दछ।

- **प्रशिक्षण र क्षमता विकासः** कृषि वनको रैथाने प्रविधि र नयाँ प्रविधि तथा विधिहरू सिकाउन समूहले सवडिभिजन/डिभिजन वन कार्यालय, स्थानीय तह र अन्य सरोकारवालाहरुसंग समन्वय गरी नियमित रूपमा प्रशिक्षण कार्यक्रम आयोजना गर्न सक्नेछन्।

**प्रविधि र स्रोतको व्यवस्थापनः**

- **स्थानीय स्रोतहरूको उपयोगः** स्थानीय रूपमा उपलब्ध प्राकृतिक स्रोतहरूको उपयोग गरेर कृषि वनको उत्पादन क्षमता बढाउन सकिन्छ।
- **वन बाली र वृक्षहरूको चयनः** स्थानीय परिस्थिति अनुकूल, मौसमीय सहनशील र बजारको मागको आधारमा आर्थिक रूपले फाइदाजनक विभिन्न प्रजातिका वन बाली र वृक्षहरूको चयन गर्न सकिन्छ। यसरी वन वाली र वृक्ष चयन गर्दा कृषिजन्य र वनजन्य रुख प्रजातिका फलफूल उत्पादन हुने खालका रुखबिरुवा लगाउनु पर्नेछ।यसरी रोपिएको वनजन्य रूख प्रजातिले न्यूनतम पचास प्रतिशत छत्र घनत्व ढाक्नु पर्नेछ।यस्तै बालीको चयन गर्दा अन्नबालीको प्रयोग गर्न पाइने छैन र गैरकाष्ठ वन पैदावार तथा जडिबुटीहरुलाइ प्राथमिकता दिनु पर्दछ।

**अनुगमनः**

- **अनुगमनः** कृषि वनको सफल कार्यान्वयनको लागि नियमित रूपमा अनुगमन गर्नु पर्दछ। यसमा उत्पादनको मात्रा, माटोको उर्वराशक्ति, भू-उपयोगको अवस्था र पर्यावरणीय प्रभावहरू जाँच्नु पर्दछ।
- **समस्या समाधानः** कृषि वनमा देखा पर्ने चुनौतीहरूको समाधान गर्न सामुदायिक वन उपभोक्ता समूह, डिभिजन वन कार्यालय र स्थानीय तहको बिचमा सहकार्य आवश्यक छ।

**आर्थिक व्यवस्थापनः**

- **बजार व्यवस्थापनः** उत्पादन भएका कृषिजन्य वस्तुहरूको उचित मूल्य प्राप्त गर्न बजार व्यवस्थापनको लागि योजना बनाउनु पर्दछ।
- **लाभको बाँडफाँटः** कृषि वन कार्यक्रममा समावेश भएका उपभोक्ताहरुले कृषि वनबाट प्राप्त आम्दानीको बाँडफाँट समूहले निर्णय गरे बमोजिम हुनेछ।

- **सामग्री तथा सेवा आपूर्तिकर्ता र सम्भावित क्रेताहरूसँग समन्वयः** सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरूले बजार अध्ययनहरू मार्फत सामग्री तथा सेवा आपूर्तिकर्ता र खरिदकर्ताहरू पहिचान गर्नुपर्दछ। बजार र तिनीहरूबाट उपलब्ध सेवाहरूको जानकारी प्राप्त गर्न तिनीहरूसँग नियमित रूपमा सञ्चार र समन्वय गर्नुपर्छ।

उल्लिखित चरणहरू अपनाएर सामुदायिक वनमा कृषि वन प्रणालीलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ, जसले दिगो विकासमा सहयोग पुर्‍याउन मद्दत गर्न सक्छ।

## ५.११ अन्य निकायसँग समन्वय

सामुदायिक वन उपभोक्ता समूहले आफ्नो क्षेत्रमा काम गर्न विभिन्न सहयोगी निकायहरूसँग समन्वय गरी सेवा लिन सक्नेछ। सामुदायिक वनसँग सम्बन्धित सरोकारवालाहरू जस्तैः स्थानीय तह, डिभिजन वन कार्यालय र अन्य सहयोगी संस्थाहरूले पनि विकासको कार्यक्रम सञ्चालन गर्न समन्वय गर्न सक्छन्।

समन्वयका लागि निम्न कार्यहरू गर्न सकिन्छ।

- स्थानीय क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने संघसंस्थाको पहिचान गर्ने।
- उपभोक्ता समूहले सहकार्य गरेर जान सक्ने संघसंस्थासँग कार्यक्रमबारे छलफल गर्ने।
- पहिचान भएका कार्यक्रम उपभोक्ता समूहको वार्षिक कार्यक्रममा समावेश गरी डिभिजन वन कार्यालयको स्वीकृति पश्चात सञ्चालन गर्ने।

## ५.१२ समूहको मानवीय तथा संस्थागत विकास

समूहले मानवीय तथा संस्थागत क्षमता विकास गरेर विधान तथा कार्ययोजना आफै तयार एवं संशोधन गरी स्वीकृतिका लागि पेश गर्न सक्छन्। संस्थागत तथा मानवीय स्रोत विकासका लागि निम्न कार्यहरू गर्नु पर्दछः

- उपभोक्ता समूहले स्थानीय स्रोतव्यक्ति तयार गरी सेवा लिने परिपाटीको विकास गर्ने। एउटा समूहको स्रोत व्यक्तिलाई नजिकको समूहले पनि प्रयोग गर्न सक्ने व्यवस्था मिलाउने।
- समूहले स्थानीय सहजकर्ताको नाम, ठेगाना र दिन सक्ने सेवाको विवरण सव डिभिजन वन कार्यालय, डिभिजन वन कार्यालय तथा स्थानीय तहमा दिने।
- वार्षिक योजनामा आर्थिक व्यवस्थापन, वन सम्बर्धन, समूह व्यवस्थापन, आदि कार्यको लागि आवश्यक तालिमहरूको व्यवस्था गर्ने। यस्ता कार्यक्रमहरूमा अतिविपन्न, सीमान्तकृत, भूमिहीन, एकल महिला, आदिबासी जनजाति र दलित वर्गहरूलाई प्राथमिकता दिनु पर्नेछ।
- मानवीय तथा संस्थागत विकास गर्दा समतामूलक प्रक्रिया अपनाउने।
- समूहले विपन्नमूखी कार्यक्रम सञ्चालन गर्न आवश्यक सीप र क्षमताको विकास गर्ने।
- उपभोक्ता समूहमा स्वःमूल्यांकनको अभ्यास गर्ने।
- अध्ययन भ्रमण, तालिम तथा गोष्ठीहरूको व्यवस्था मिलाई उपभोक्ता समूहहरूबिच विचार तथा अनुभव आदानप्रदान गर्ने।
- दिगो वन व्यवस्थापन र उत्पादित वन पैदावारको प्रशोधन तथा बजार व्यवस्थापन गर्न आवश्यक तालिम तथा गोष्ठीहरूको आयोजना गर्ने।

## ५.१३ समूह सञ्जाल निर्माण

वडा, पालिका वा प्रदेश स्तरमा समान चाहना भएका समूहहरूको सञ्जाल बनाई सहकार्य गर्नु पर्दछ। एकै किसिमको वन पैदावार उत्पादन गर्ने समूहहरूको सञ्जाल मार्फत बजारको खोजी गरेमा अधिकतम लाभ लिन सकिन्छ । उक्त संजालले समूह, डिभिजन वन कार्यालय, स्थानीय तह, स्थानीय सहकारी संस्था, गैरसरकारी संस्थाहरू तथा सरोकारवाला निकायहरुसँग समन्वय गरी एक आपसमा सीप, उद्यम, प्रविधि आदिको आदानप्रदान गरी फाईदा लिने परिपाटीको विकास गर्नु पर्दछ।

## ५.१४ सहजकर्ता परिचालन

समूहले आवश्यकता अनुसार वन व्यवस्थापन, समूह व्यवस्थापन, आर्थिक तथा अभिलेख व्यवस्थापन सम्बन्धी प्राविधिक तथा व्यवस्थापकीय सहयोग लिनको लागि स्थानीय स्तरमा सहजकर्ता नियुक्त गरी परिचालन गर्न सक्नेछ। वन विकास कार्यमा छुट्याईएको २५% रकमबाट सहजकर्ता परिचालनको लागि खर्च गर्न पाईने छैन। आर्थिक स्रोत कम भई छुट्टै सहजकर्ता परिचालन गर्न नसक्ने समूहहरूले सामुहिक रुपमा पनि सहजकर्ता परिचालन गरी सेवा लिन सक्नेछन्। यसरी सामूहिक रुपमा सहजकर्ताको परिचालन गर्नको लागि समूहहरूले एक आपसमा समझदारी गरी कार्यविधि बनाई लागू गर्न सक्नेछन्।

## ५.१५ वार्षिक साधारण सभा

सामुदायिक वन उपभोक्ता समूहले संघिय तथा प्रदेश वन ऐन तथा वन नियमावलीमा भएको प्रावधान अनुसार नियमित रुपमा साधारण सभा गर्न जरुरी हुन्छ। वन कार्ययोजना निर्माण गर्दा, विधान र कार्ययोजना संशोधन गर्दा, वार्षिक प्रगति प्रतिवेदन तथा लेखा परिक्षण प्रतिवेदन अनुमोदन गर्दा, वार्षिक योजना तर्जुमा गर्दा तथा अन्य आकस्मिक विषयमा छलफल गर्न साधारण सभा गर्नु पर्दछ। यसरी साधारण सभा गर्दा यस मार्गदर्शनको माथि परिच्छेद ३ को दफा ३.९ र ३.१० मा उल्लिखित प्रक्रिया बमोजिम संचालन गर्नु पर्दछ।

# परिच्छेद ६: विधान तथा कार्ययोजना संशोधन

यस परिच्छेदमा उपभोक्ता समूहको विधान तथा वन कार्ययोजना संशोधन गर्दा गरिने कार्यहरू उल्लेख गरिएको छ। विधान तथा कार्ययोजना कार्यान्वयन एवं अनुगमन तथा मूल्याङ्कनको क्रममा देखा परेका सबल र सुधार गर्नुपर्ने पक्ष, अनुभव र सिकाईलाई समेटी विधान र कार्ययोजनाको संशोधन गर्नुपर्दछ। यसरी संशोधन गर्दा विधान तथा कार्ययोजना तयारीमा उल्लिेखित प्रक्रियालाई नै अवलम्बन गर्न पर्दछ। उपभोक्ताहरूको आवश्यकता तथा वनको अवस्थामा आएको परिवर्तनलाई विचार गरी विधान तथा कार्ययोजना संशोधन गर्नु पर्दछ। यस प्रक्रियामा समूहले आवश्यकता अनुसार डिभिजन वन कार्यालयको कर्मचारी तथा अन्य सहयोगी निकाय (उदाहरणका लागिः गै.स.स., समूह सञ्जाल, स्थानीय स्रोतव्यक्ति, सामाजिक परिचालक, एनिमेटर) हरूको सहयोग लिन सक्छन्। स्थानीय स्रोत व्यक्ति तथा अन्य सेवा प्रदायकको सहयोग लिई परिमार्जन तथा संशोधन भएको विधान तथा कार्ययोजनालाई डिभिजन वन कार्यालयले प्रक्रिया पुगे, नपुगेको जाँचबुझ गरी स्वीकृत दिई मान्यता दिनु पर्नेछ।

## ६.१ कार्ययोजना संशोधनका लागि वर्गीकरण तथा प्राथमिकता निर्धारण

कार्ययोजना संशोधनको लागि डिभिजन वन कार्यालयले जिल्ला स्तरीय सरोकारवालाको समन्वय तथा सहकार्यमा निश्चित आधार (उदाहरणको लागि वनको अवस्थामा आउने परिवर्तन, वन व्यवस्थापनका क्रियाकलापहरूको आवश्यकता, स्रोतको उपलब्धता, समूहको सामाजिक-आर्थिक अवस्था आदि) बनाई वर्गीकरण गरेर प्राथमिकता तोक्नु पर्नेछ। वन कार्ययोजनाको म्याद समाप्त भइ नयाँ वा संशोधित कार्य योजना तयार पार्दा (संशोधन गर्दा) उल्लिखित आधारमा कमजोर अवस्था भएका समूहलाई प्राथमिकता दिनु पर्नेछ।

सामान्यतया निम्न लिखित अवस्थामा कार्ययोजना पूनरावलोकन वा संशोधन गरिन्छ।

- कार्यान्वयनको क्रममा कुनै समस्या उत्पन्न भएमा।
- वन उपभोक्ता समूहको आवश्यकता तथा वन व्यवस्थापनको उद्देश्यमा परिवर्तन भई व्यवस्थापनको थप कार्यहरू गर्नुपर्ने भएमा।
- समूहको थप संस्थागत विकासको खाँचो महशुस भएमा।
- सम्बन्धित नीति तथा कानून संशोधन भएमा।

## ६.२ विधान तथा कार्ययोजनाको समीक्षा

समूहले विधान तथा कार्ययोजनाको आवधिक समीक्षा गरी आवश्यकता अनुसार संशोधनको प्रक्रिया अगाडि बढाउनु पर्छ। समूह सञ्चालन गर्दा विधानमा के कस्ता प्रावधानहरूले काम गर्न अप्ठ्यारो पारे, कुन कुन प्रावधानहरूले सजिलो बनाए, समूहको अनुभव तथा सिकाईहरू के के भए तिनको विश्लेषण गर्नु पर्दछ। सदस्यहरूको क्षमता विकास,

महिला तथा पछाडि पारिएका समुदायको आधिकारिक प्रतिनिधित्व, नेतृत्व परिवर्तन र सामाजिक न्याय जस्ता कार्यहरूको परिप्रेक्ष्यमा उपभोक्ता समूहको गतिशीलतालाई मूल्याङ्कन तथा समिक्षा गर्नुपर्दछ। निर्णय प्रक्रियामा पारदर्शिता, समान सहभागिता तथा जिम्मेवारीपन भयो भएन भनी सामुदायिक वन उपभोक्ता समूह आफैले लेखाजोखा गर्नु पर्दछ।

कार्ययोजना कार्यान्वयन गर्दा के कस्ता कठिनाई तथा बाधा अड्चन आईपरे, के कस्ता कुराले कार्यान्वयन गर्न र उपलब्धि हासिल गर्न सहयोग पुर्‍याए, कार्ययोजनामा उल्लिेखित कार्यक्रमहरू कार्यान्वयन भएका छन् कि छैनन्, वन पैदावारहरूको आवश्यकता तथा आपूर्तिको अवस्था कस्तो रह्यो, के कस्ता नयाँ क्रियाकलाप तथा प्रावधानहरू राख्न आवश्यक छ भनी उपभोक्ता समूहमा छलफल तथा समीक्षा गर्नु पर्दछ। विधान तथा कार्ययोजना समीक्षा गर्दा देहायका कुरामा ध्यान दिनु पर्दछः

- उपभोक्ता समूहका विगतको कार्य तथा क्रियाशीलताबारे छलफल गर्ने,
- वन व्यवस्थापन प्रणाली, वन पैदावार र अन्य लाभको बाँडफाँट, संरक्षण क्रियाकलाप र जीविकोपार्जन सुधार कार्यक्रम जस्ता विषयमा उपभोक्ता समूहभित्र विभिन्न उपसमूहका सदस्यहरूको चासो र धारणा बुझ्ने,
- वनको अवस्था वा हैसियत तथा वन उपभोक्ता समूहको वन व्यवस्थापनको उद्देश्यको लेखाजोखा गर्ने।
- वन पैदावारहरूको आवश्यकता तथा आपूर्तिको अवस्था कस्तो छ लेखाजोखा गर्ने,
- वन पैदावारसँगको जिविकोपार्जन र प्रथाजनित सम्बन्ध कस्तो छ छलफल गर्ने,
- विगतमा उपभोक्ता समूहले गरेको निर्णय तथा कार्यान्वयनको समिक्षा गर्ने,
- उपभोक्ता समूहको आर्थिक व्यवस्थापन पक्षको लेखाजोखा गर्ने,
- विधान वा कार्ययोजना कार्यान्वयनको लेखाजोखा गर्दै तोकिएको प्रावधान अनुरूप कार्य भए, नभएको पहिचान गरी कारणहरूको विश्लेषण गर्ने,
- उपभोक्ता समूह तथा सहयोगी निकायबाट प्राप्त सूचना, सुझाव र जानकारीहरू योजना तर्जुमा र समस्या समाधानको लागि उपयोगी भए, नभएको मूल्याङ्कन गर्ने,
- उपभोक्ता समूहको समस्याहरूमा छलफल गरी समाधानका उपायहरू खोजी गर्ने,
- सहयोगी संस्थाहरूसँग अनुभव आदानप्रदान गर्ने। यस्ता अनुभव आदानप्रदान छलफलमा स्थानीय तह र राजनीतिक दलहरूलाई सहभागी गराउन सकिनेछ।

## ६.३ विधान तथा कार्ययोजना संशोधन

समीक्षाको क्रममा प्राप्त जानकारीको आधारमा उपभोक्ता समूहले आफ्नो विधान तथा कार्ययोजना संशोधनको प्रक्रिया अगाडि बढाउनु पर्दछ। कार्ययोजनाको कुनै साधारण बुँदा वा विषयमा उपभोक्ता समूहले संशोधन गर्नुपरेमा साधारण सभाको निर्णय अनुसार संशोधन गरी डिभिजन वन कार्यालयमा जानकारी पठाउनु पर्दछ। सामान्यतया वन कार्ययोजना हस्तान्तरण गरेको दुई वर्षसम्म संशोधन गरिने छैन। विधान तथा कार्ययोजना संशोधन गर्दा देहायका कार्यहरू गर्नु पर्दछः

- सामुदायिक वनको विगत तथा वर्तमान अवस्था र कुनै भावी परिवर्तनको कुरा भए त्यसबारे छलफल गर्ने,
- उपभोक्ताले संशोधन गर्न चाहेका बुँदाहरू टिपोट गर्ने,
- प्रस्तावित संशोधनका बुँदाहरू माथि प्रत्येक टोल र समान चाहना भएका उपसमूहहरूमा छलफल गर्ने,
- समूहको आवश्यकता, चाहना र वनको अवस्थामा आएको परिवर्तनलाई आधार मानी वनस्रोत सर्वेक्षण गर्न आवश्यक भएमा स्रोत सर्वेक्षण गरी विश्लेषण गर्ने,
- वन उपभोक्ता समूहको आवश्यकता, वन व्यवस्थापनको उद्देश्य तथा वनस्रोतको विश्लेषणको आधारमा टोल तथा समान चाहना भएका समूहबिच छलफल गरी संशोधित कार्ययोजनाको खाका तयार गर्ने,
- कार्ययोजना संशोधन गर्न उपभोक्ता समूहले गरेका निर्णयको अभिलेख राख्ने ।

सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजनाको अवधि सकिनु अगावै यस मार्गदर्शनको परिच्छेद ४ बमोजिमको प्रक्रिया अवलम्बन गरी नयाँ वा परिमार्जित वा संशोधित कार्ययोजना तयार गरी वन नियमावलीको नियम ४६ बमोजिम स्वीकृत गराई पुरानो कार्ययोजनाको अवधि सकिएको दिनदेखि उक्त नयाँ वा परिमार्जित वा संशोधित कार्ययोजना कार्यान्वयनमा ल्याउनु पर्दछ।

## ६.४ संक्षिप्त कार्ययोजना सम्बन्धी प्रावधान

सामुदायिक वन उपभोक्ता समूहले संक्षिप्त वन कार्ययोजना तयार गरी औपचारिक रुपमा सबडिभिजन/डिभिजन वन कार्यालयमा निवेदन दिएमा डिभिजनल वन अधिकृतले तपशिलका अवस्थाका आधारमा सामुदायिक वन उपभोक्ता समूहलाई यस मार्गदर्शनको अनुसूची-७ बमोजिमका बुंदाहरू समावेश गरी देहायको अवस्था रहेका सामुदायिक वन उपभोक्ता समूहका लागि वन कार्ययोजना संक्षिप्त रुपमा तयार गरी पेश गर्न आह्वान गर्न सक्नेछ।

- बार्षिक रु. एक लाख भन्दा कम आम्दानी हुने समूह,
- संरक्षणमुखी उद्धेश्य रहेका र क्षेत्रफलको हिसावले ५० हेक्टर भन्दा साना सामुदायिक वन,
- समूह बाहिर वन पैदावारको बिक्री बितरण नगर्ने समूह,
- पछिल्लो स्वीकृत कार्ययोजनाको वार्षिक स्वीकृत कटानमा नबढ्ने गरी समूहको साधारण सभाले अनुमोदन गरेका समूह,
- समूहले वन कार्ययोजना बमोजिम वन व्यवस्थापन गर्न मञ्जुर भई साधारण सभाबाट अनुमोदन गरी डिभिजनल वन अधिकृतबाट स्वीकृत कार्ययोजना बमोजिम काम गर्ने समूह।

यदि यस्ता सामुदायिक वनमा कुनै प्राकृतिक प्रकोपको कारणले वन क्षेत्रमा उल्लेख्य फरक पर्न गएमा सो फरक परेको वन क्षेत्रको मौज्दात पुनः आंकलन गर्नु पर्नेछ। संक्षिप्त कार्ययोजनाका लागि संघीय वा सम्वन्धित प्रदेशको कानुनमा व्यवस्था भएको हुनुपर्नेछ।

## ६.५ सामुदायिक वन क्षेत्र एकीकृत व्यवस्थापन

सामुदायिक वन उपभोक्ता समूहलाई चलायमान बनाउन र वनको प्रभावकारी व्यवस्थापन गर्नका लागि भौगोलिक क्षेत्र मिलेका र समान सामाजिक बनौट रहेका, लामो समयसम्म निष्कृय रहेका सामुदायिक वन उपभोक्ता समूहहरुले समूहको चाहना र आपसी सहमतिको आधारमा आ-आफ्नो साधारण सभाको दुई तिहाई उपभोक्ताहरूको निर्णयबाट पारित गराई सामुदायिक वन उपभोक्ता समूहहरू र वन क्षेत्रहरू एकीकृत गरी व्यवस्थापन गर्न सक्नेछन्। यसरी एकीकृत गरी व्यवस्थापन गर्दा आवश्यकता अनुसार साधारण सभाको दुई तिहाई उपभोक्ताहरूको निर्णयबाट पारित गराई सामुदायिक वन उपभोक्ता समूह एकिकृत गरी एउटा उपभोक्ता समूह बनाउन अथवा उक्त समूहरूको क्लस्टर बनाई एकिकृत दिगो वन व्यवस्थापन कार्ययोजना बनाई व्यवस्थापन गर्न सकिनेछ। यसो गर्दा कुनै पनि साविक वन उपभोक्ताको अधिकार हनन् नहुने गरी समान सहभागिता हुनु पर्नेछ र समूहको नाम, विधान तथा नयाँ कार्ययोजना समूहको आपसी सहमतिमा तयार गरी डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ। एकीकृत भएपछि बन्ने समूहको नयाँ विधान तथा कार्ययोजना तयार गर्दा परिच्छेद ३ र ४ बमोजिमको प्रक्रिया अपनाई तयार गर्नु पर्दछ। समूहको नाम तय गर्दा सकेसम्म पुरानो समूहहरु मध्ये कुनै एकको नाम वा एकीकृत नामलाई कायम राख्न सकिनेछ र सामुदायिक वनहरुको योगदानको इतिहासलाई कार्ययोजनामा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। सामुदायिक वनको एकीकृत व्यवस्थापनको कार्ययोजना बनाउँदा साविकको क्षेत्रफल घटाउन र वन उपभोक्ता हटाउन पाईने छैन। डिभिजन वन कार्यालयले एकीकृत सामुदायिक वन उपभोक्ता समूह र सामुदायिक वन हस्तान्तरण गर्दा साविकको लगत कट्टा गरी नयाँ प्रमाणपत्र प्रदान गर्नु पर्नेछ र सो को जानकारी निर्देशनालय र विभागमा दिनु पर्नेछ।

तर सामुदायिक वनहरू तथा उपभोक्ता समूहहरूलाई सीमित मानिसहरूको व्यक्तिगत स्वार्थपूर्ति र कुनै निजी व्यवसायिक लाभ पूरा गर्ने माध्यम जस्तैः केबलकार, होटल रिसोर्ट, सफारी लगायतका निजी पर्यटन व्यवसाय, सडक, बाटो निर्माण, आदिका लागि मात्र एकीकृत गर्न पाइने छैन। एकीकृत भएको समूहले वन व्यवस्थापनलाई पारदर्शी, न्यायोचित र दीर्घकालीन दृष्टिकोणको आधारमा सबै उपभोक्ताहरूको समान सहभागिता सुनिश्चित गर्नुपर्छ।

## ६.६ सामुदायिक वन टुक्रयाउन सकिनेः

यदि कुनै समूहद्वारा व्यवस्थित सामुदायिक वनको कुनै कारणले व्यवस्थापन गर्न कठिन भएमा वा समूहले वन क्षेत्र र उपभोक्ताहरुको अवस्थितिका आधारमा छुट्टाछुट्टै व्यवस्थापन गर्न चाहेमा सामुदायिक वन उपभोक्ता समूहले साधारण सभामा दुई तिहाई उपभोक्ताहरूको निर्णयबाट पारित गराई डिभिजन वन कार्यालयमा निवेदन दिन सक्नेछ। सो वन क्षेत्र टुक्राउन औचित्यताको आधारमा डिभिजन वन कार्यालयले सहमति प्रदान गर्न सक्नेछ। यसरी टुक्रिएका २ वा सो भन्दा बढी समूह पूनः दर्ता एवं कार्ययोजना निर्माणको निमित्त परिच्छेद ३ र ४ बमोजिमको प्रकृया पूरा

गर्नु पर्नेछ। यसका लागि डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक एवं कानूनी सहायता उपलब्ध गराउनेछ। डिभिजन वन कार्यालयले पुरानो समूहको लगत कट्टा गरी सो को जानकारी निर्देशनालय र विभागमा दिनु पर्नेछ।

## ६.७ साधारण सभामा संशोधित विधान तथा कार्ययोजना अनुमोदन

संशोधन गरिएको विधान तथा कार्ययोजनालाई उपभोक्ताहरूबिच विस्तृत छलफल गराउन साधारण सभामा पेश गर्नु पर्दछ। यसरी पेश गरिएको संशोधित विधान तथा कार्ययोजनाको खाका बुँदागत रूपमा समूहको साधारण सभामा छलफल गरी आम सहमतिको आधारमा निर्णय गर्नु पर्दछ। संशोधित विधान तथा कार्ययोजना बमोजिम विपन्न, महिला, दलित, मधेशी, आदिवासी जनजाति, अपांगता भएका एवं पछाडि परेका वा पारिएका वर्गका समुदाय लगायत प्रत्येक उपभोक्ताको अर्थपूर्ण सहभागिता तथा उनीहरूले परिमार्जित बुँदा राम्ररी बुझेका छन् भनी सुनिश्चित गर्नुपर्दछ।

## ६.८ डिभिजन वन कार्यालयबाट संशोधित विधान स्वीकृति

साधारण सभाबाट पारित विधान साधारण सभाको निर्णयसहित स्वीकृतिको लागि १५ दिन भित्र डिभिजनल वन कार्यालयमा पेश गर्नुपर्दछ। समूहको साधारण सभाबाट निर्णय भै आएको विधानमा प्रचलित वन ऐन तथा नियमावलीको प्रतिकूल हुने गरी कुनै प्रावधानहरू भए आवश्यक सुझाव सहित उक्त प्रावधानहरू संशोधन गर्न डिभिजनल वन अधिकृतले ३० दिनभित्र उपभोक्ता समूहमा लेखी पठाउनु पर्नेछ।

## ६.९ डिभिजन वन कार्यालयबाट संशोधित कार्ययोजना स्वीकृति

साधारण सभाबाट पारित कार्ययोजना साधारण सभाको निर्णयसहित स्वीकृतिका लागि डिभिजन वन कार्यालयमा पेश गर्नु पर्दछ। समूहको साधारणसभाबाट निर्णय भै स्वीकृतिको लागि डिभिजन वन कार्यालयमा पठाईएको कार्ययोजना कार्यान्वयन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा डिभिजनल वन अधिकृतले त्यस्तो संशोधनको जानाकारी प्राप्त भएको ३० दिनभित्र उपभोक्ता समूहलाई सो संशोधन लागू नगर्न निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु उपभोक्ता समूहको कर्तव्य हुनेछ।

# परिच्छेद-७ : सामुदायिक वन प्रक्रियामा सरोकारवालाहरूको भूमिका

सामुदायिक वन प्रक्रियामा उपभोक्ता समूह लगायत अन्य सरोकारवालाहरूको निम्न अनुसारको भूमिका हुनेछ।

## ७.१ सामुदायिक वन उपभोक्ता समूह

- समूहको दुरदृष्टि, लक्ष्य, उद्देश्य र सो अनुसारका कार्यक्रम/क्रियाकलाप तय गर्ने ।
- सामुदायिक वन उपभोक्ता समूहले विधान तथा कार्ययोजना तयार र संशोधन गर्ने र यस क्रममा स्थानीय तहको वडा कार्यालयसँग परामर्श गर्न सक्ने।
- सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाबाट अनुमोदन भएको विधान तथा कार्ययोजना सब-डिभिजन कार्यालय मार्फत वा सिधै डिभिजन वन कार्यालयमा पेश गर्ने।
- समूहको लक्ष्य र उद्देश्य पूरा हुने गरी सहभागितामूलक पद्धति अपनाउंदै स्वीकृत विधान तथा कार्ययोजना कार्यान्वयन गर्ने।
- आफ्नै लगानी र सरोकारवालाको समन्वयमा समूहलाई आवश्यक पर्ने दक्ष जनशक्ति तथा स्रोतव्यक्ति (सहजकर्ता) तयार गरी परिचालन गर्ने।
- विपन्न, दलित, आदिबासी जनजाति, महिला र लैङ्गिक अल्पसंख्यकको चेतना अभिवृद्धि, सशक्तीकरण तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिताको लागि पहल गर्ने।
- विधानमा सु-शासन, जीविकोपार्जनको अवधारणा, सरकारी तथा गैरसरकारी र निजी क्षेत्रसँगको समन्वय, साझेदारी, सहकार्य, शेयर तथा लाभांश लगायतका विषयहरु समेत समावेश गर्ने।
- कार्ययोजनामा दिगो वन व्यवस्थापन, पर्या-पर्यटन, वन उद्यम, उत्सर्जन न्यूनीकरण तथा कार्वन सञ्चिति र व्यापार सहमति, जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण तथा अनुकूलन, वातावारणीय सेवा र सो को भुक्तानी एवं लाभको बाँडफाँट लगायतका विषय समावेश गर्ने।
- समूहभित्र वन पैदावार बिक्री वितरण गर्दा न्यायोचित वितरण प्रणाली अपनाउने।
- प्रत्येक उपभोक्ता समूह सदस्यले कार्यसमितिसँग आवश्यक सूचनाहरूको जानकारी लिने दिने।
- उपभोक्ता समूहका क्रियाकलापहरूको स्वःअनुगमन तथा मूल्याङ्कन गर्ने र सो को लिखित अभिलेख तयार गरी समूहमा राख्ने।

## ७.२ सामुदायिक वन उपभोक्ता समूहको कार्यसमिति

- सामुदायिक वन उपभोक्ता समूहको विधान तथा कार्ययोजनाको मस्यौदा तयार गरी उपभोक्ता समूहको साधारण सभामा पेश गर्ने।
- कार्यसमितिले समूहको सचिवालयको रुपमा कार्य सम्पादन गर्ने।
- समूहले गरेका निर्णयहरू र तयार पारेका कार्यक्रमहरूको वार्षिक कार्यतालिका तयार गरी कार्यान्वयन गर्ने, गराउने।
- सरोकारवाला संघसंस्था तथा निकायसँग समन्वय गर्ने।

- विपन्न, दलित, आदिबासी जनजाति, अल्पसंख्यक र महिलाहरूको चेतना अभिवृद्धि, सशक्तीकरण तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।
- समूहभित्र पहिचान भएका विपन्न उपभोक्ताहरूको जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्ने।
- समूहले गरेका कार्यहरू जस्तैः वन पैदावार संकलन तथा बिक्री वितरण, सामुदायिक विकास, संस्थागत विकास आदिको अभिलेख राख्ने र उपभोक्ता समूहलाई जानकारी गराउने। यसरी अभिलेख राख्दा सकेसम्म लिङ्ग, जातजाति, सामाजिक आर्थिक अवस्थाको आधारमा कुनै पनि कार्यक्रमबाट लाभान्वित उपभोक्ताहरूको विवरण अद्यावधिक गर्नु पर्दछ।
- उपभोक्ता समूहको विधान, कार्ययोजना, समय समयमा प्राप्त नीति, निर्देशन तथा परिपत्रहरू समूहलाई जानकारी गराउने।
- छिमेकी वन उपभोक्ता समूहसँग ज्ञान, सीप र सिकाई आदानप्रदान गर्ने।
- समूहको आर्थिक अवस्था अनुसार सहजकर्ता परिचालन गर्ने।
- समूहको वार्षिक योजना स्थानीय तहको वार्षिक योजनामा समायोजन गर्न पहल गर्ने।
- सफल तथा अनुकरणीय प्रयासका कथालाई अभिलेखीकरण गरी प्रचारप्रसार गर्ने।
- उपभोक्ता समूह वा समितिले गरेका निर्णयहरू नियमित रूपमा सम्बन्धित वन कार्यालय र स्थानीय तहमा पठाउने।
- कार्यसमितिले बन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई जानकारीका लागि सम्बन्धित वन कार्यालय र पालिकामा पठाउने।
- समूह बाहिर वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको तोकिए बमोजिमको रकम सम्बन्धित स्थानिय तहको सञ्चित कोषमा जम्मा गर्ने।
- समूहको आम्दानी तथा खर्चको अभिलेख दुरुस्त राख्ने।
- नियमित रूपमा आन्तरिक, सार्वजनिक तथा वाह्य लेखापरीक्षण गर्ने, गराउने।
- उपभोक्ता समूहको वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन तयार गरी आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र सबडिभिजन वन कार्यालय, डिभिजन वन कार्यालय, स्थानीय तह लगायत अन्य सम्बन्धित निकायहरूमा पठाउने।
- उपभोक्ता समूहका क्रियाकलापहरूको स्वःअनुगमन तथा मूल्याङ्कन गर्ने।

## ७.३ सहजकर्ता

- उपभोक्ता समूहको क्षमता, आवश्यकता तथा चाहना अनुसार समूहलाई सशक्त र आत्मनिर्भर बनाउन सहजीकरण गर्ने।
- उपभोक्ता समूह गठन, विधान कार्ययोजना तयारी, कार्यान्वयन तथा संशोधनका प्रक्रियामा संस्थागत, कानूनी तथा प्राविधिक सहजीकरण गर्ने।
- सामुदायिक वन उपभोक्ता समूह तथा सब डिभिजन वन कार्यालय, डिभिजन वन कार्यालय, स्थानीय तह लगायत अन्य सहयोगी निकायहरूबिच सूचना आदानप्रदान तथा समन्वय गर्न सहयोग गर्ने।
- उपभोक्ताहरू विशेष गरी विपन्न, दलित, आदिबासी जनजाति, अल्पसंख्यक र महिलाको सशक्तीकरण तथा सहभागिताको लागि समूहमा उत्प्रेरणा जगाउने।

- उपभोक्ता समूहमा विपन्न, दलित, आदिबासी जनजाति र महिलाहरूको लागि लक्षित कार्यक्रमहरू सञ्चालन गर्न सहजीकरण तथा प्रोत्साहन गर्ने।
- उपभोक्ता समूहहरूबिच सम्पर्क र समन्वय गरी सञ्जाल विस्तारमा सहयोग पुर्याउने।
- समूहको वार्षिक योजना बनाउन सहयोग गर्ने।
- तालिम, गोष्ठी, सार्वजनिक सुनुवाई वा लेखापरीक्षण गर्ने कार्यमा सहजीकरण गर्ने।
- उपभोक्ता घरधुरीको सम्पन्नता स्तरीकरण तथा जीविकोपार्जन सुधार योजना बनाउन सहजीकरण गर्ने।
- विवाद व्यवस्थापनमा सहजीकरण गर्ने।
- समूहलाई आवश्यक पर्ने विविध कार्यमा सहजीकरण गर्ने।

## ७.४ सवडिभिजन वन कार्यालय, डिभिजन वन कार्यालय

- उपभोक्ता समूहले तयार गरेको वा स्रोतव्यक्ति (सहजकर्ता) वा सेवा प्रदायकबाट सहजीकरण गरी तयार पारिएका विधान तथा कार्ययोजनालाई सामुदायिक वनको प्रक्रिया र सो सम्बन्धी मार्गदर्शन अनुसार भए, नभएको जाँचबुझ गरी स्वीकृत गर्ने र सो को जानकारी स्थानीय तह र समूह/कार्यसमितिलाई दिने।
- समूहलाई वन सम्बन्धी प्राविधिक तथा अन्य आवश्यक सरसल्लाह दिने।
- समूहको क्षमता अभिवृद्धि, सुशासन, जीविकोपार्जन र दिगो वन व्यवस्थापनसँग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग पुर्याउने।
- सामुदायिक वनलाई प्रबर्धन गर्न आवश्यकता अनुसार तालुक निकायमा राय दिने तथा सामुदायिक वनसित सम्बन्धित निकायहरूसँग अन्तरक्रिया तथा समन्वय गर्ने/ गराउने।
- कम्तिमा वर्षको एक पटक प्रत्येक उपभोक्ता समूहहरू तथा सामुदायिक वनको अनुगमन गरी राय सुझाव लिने, दिने र अनुगमन प्रतिवेदन प्रकाशन गर्ने।
- समूहको माग बमोजिमको विधान तथा कार्ययोजना तयारी, संशोधन तथा वन व्यवस्थापन प्रक्रियालाई सरल, सहज र व्यावहारिक रूपमा कार्यान्वयन गर्न सहयोग गर्ने।
- उपभोक्ता समूहको वार्षिक योजनालाई डिभिजन वन कार्यालयको वार्षिक योजनामा समावेश गर्ने।
- सामुदायिक वन उपभोक्ता समूहको नयाँ राष्ट्रिय तथ्यांक आधारकोड (National Database Code) अनुसार तथ्याङ्क अध्यावधिक गर्ने।
- नवप्रवर्तन, खोज तथा अनुसन्धानमूलक कार्यमा सहयोग गर्ने।
- स्थानीय तहहरुलाई वन, वाताबरण र जलबायु सम्बन्धित बिषयमा प्राविधिक सरसल्लाह उपलब्ध गराउने।

## ७.५ समूह सञ्जाल

- नीति निर्माण गर्दा समूहको पक्षमा पैरवी गर्ने।
- विधान तथा कार्ययोजना तयारी र संशोधन गर्न समूहलाई सहयोग गर्ने।
- सामुदायिक वन उपभोक्ता समूहमा सुशासन, जीविकोपार्जन र दिगो वन व्यवस्थापन गर्न सहयोग पुर्याउने।
- सामुदायिक वन विकास कार्यक्रमलाई आत्मनिर्भर बनाउनको लागि मानवीय स्रोतको विकास गर्न योगदान पुर्याउने।

- अन्तरसम्बन्धित सवाल (लैंगिक सवाल, जैविक विविधता, जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण तथा अनुकूलन, पर्यापर्यटन, वन उद्यम, कार्वन व्यापार लगायतका वातावरणीय सेवा सम्बन्धी चेतना अभिवृद्धि गर्न सहयोग गर्ने।
- गरिबी न्यूनीकरण गर्ने खालको कार्यक्रमलाई बढावा दिने।
- आदिवासी जनजातिको प्रथाजनित् पारम्परिक हक अधिकार सुनिश्चित गर्न पहल गर्ने।
- सामुदायिक वन सम्बन्धी सवालहरूमा स्थलगत तहदेखि नीति निर्माण तहसम्म सहभागी भई पृष्ठपोषण दिने।
- सामुदायिक वन उपभोक्ता समूह तथा बाह्य संस्थाहरूको बिचमा समन्वयकर्ताको रूपमा काम गर्ने।
- सामुदायिक वन उपभोक्ता समूहको स्वःअनुगमन कार्यक्रममा सहयोग पुर्‍याउने।
- कानूनी अड्चन फुकाउन सहयोग गर्ने।
- उपभोक्ता समूहलाई वन विकासका लागि स्रोत जुटाउन पहल गर्ने।

## ७.६ गैरसरकारी संस्था

- नीति निर्माणमा राय सुझाव दिने।
- समूहको विधान तथा वन कार्ययोजना तयारी, संशोधन, कार्यान्वयन गर्न सहयोग गर्ने।
- सुशासन, जीविकोपार्जन र दिगो वन व्यवस्थापनको क्रियाकलापहरू कार्यान्वयन गर्न सहयोग पुर्‍याउने।
- समूह, सरकारी तथा अन्य सम्बन्धित सरोकारवाला निकायहरूको क्षमता अभिवृद्धि गराउन सहयोग पुर्‍याउने।
- वन व्यवस्थापन प्रक्रियाको लागि आवश्यक प्राविधिक तथा सामाजिक सहजीकरण एवं मध्यस्थकर्ताको भूमिका निर्वाह गर्ने।
- समूहको संस्थागत विकासको लागि मानवीय तथा आर्थिक सहयोग पुर्‍याउने।
- सामुदायिक वनको सवल पक्षहरुलाई प्रचार–प्रसार गर्ने।
- सहभागितामूलक अध्ययन अनुसन्धान गरी सम्बन्धित निकायहरूलाई जानकारी दिने।
- सामुदायिक वन उपभोक्ता समूहको स्वःअनुगमन कार्यक्रममा सहयोग पुर्‍याउने।

## ७.७ स्थानीय तह

- सामुदायिक वन विकास अवधारणाको प्रचार–प्रसार गर्ने।
- उपभोक्ता समूहको साधारण सभा तथा बैठकहरुमा सहभागी भई विधान, वन कार्ययोजना तयारी एवं संशोधन गर्नु परेको समयमा परामर्श प्रदान गर्ने।
- समूहको क्रियाकलापमा सहभागी भई सरसल्लाह उपलब्ध गराउने।
- उपभोक्ता समूहबाट प्राप्त विवरणका आधारमा आफ्नो कार्यक्षेत्र भित्रका समूहको अभिलेख अद्यावधिक गरी राख्ने र त्यस्तो समूहलाई प्रचलित कानून बमोजिम आवश्यक सहयोग तथा सहजीकरण गर्ने।
- उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम गरिबी न्यूनीकरण, महिला सशक्तिकरण

तथा उद्यम विकास कार्यमा खर्च गर्न सहयोग गर्ने। साथै बाँकी रहेको रकमलाई उपभोक्ताहरूको हितमा खर्च गर्न सहयोग गर्ने ।

- उपभोक्ता समूहलाई आर्थिक सहयोग प्रदान गर्ने।
- विवाद समाधान गर्न सहयोग पुर्‍याउने।
- स्रोत व्यवस्थापन तथा परिचालनमा सहयोग पुर्‍याउने।
- सामुदायिक वनका सरोकारवाला निकायहरूबिच समन्वय गर्ने गराउने।
- उपभोक्ता समूहको वार्षिक योजनालाई स्थानीय तहको वार्षिक योजनामा समावेश गर्ने।
- उपभोक्ता समूहले सम्पन्न गरेका कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्न सहयोग पुर्‍याउने।
- बाधा अड्चन फुकाउन वहस, पैरवी गर्ने।

## ७.८ वनसँग सम्बन्धित परियोजना

- डिभिजन वन कार्यालय, गैरसरकारी संस्था तथा स्थानीय तहको क्षमता विकासमा सहयोग गर्ने ।
- सुशासन, दिगो वन व्यवस्थापन, जीविकोपार्जन तथा सामुदायिक विकास सम्बन्धी कार्यक्रमहरूमा सहयोग पुर्‍याउने।
- वन उपभोक्ता समूहको गठन तथा क्षमता अभिवृद्धि गर्न सहयोग पुर्‍याउने।
- सञ्जालको क्षमता विकास गर्न सहयोग गर्ने।
- अन्तरसम्बन्धित सवाल (लैंगिक सवाल, जैविकविविधता, जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण तथा अनुकूलन, पर्या-पर्यटन, वन उद्यम, कार्वन व्यापार लगायतका वातावरणीय सेवा सम्बन्धी तर्जुमा भएका नीति, रणनीति कार्यान्वयन गर्न सहयोग गर्ने।
- सामुदायिक वन सम्बन्धी नवप्रवर्तन, खोज, अनुसन्धान तथा प्रचार-प्रसार कार्यक्रममा सहयोग गर्ने।
- परिक्षणको रुपमा योजनाहरू (Pilot Project) सञ्चालन गर्ने, अनुभवहरूको अभिलेखीकरण र आदानप्रदान गर्ने।
- गरीबोन्मुख लघु उद्यमको प्रवर्द्धनमा सहयोग गर्ने।
- वन प्रमाणीकरण गर्न सहयोग गर्ने।
- समूहको साधारण सभाबाट स्वीकृत कार्यक्रम कार्यान्वयनमा आवश्यक सहयोग गर्ने ।

## ७.९ सरकारी निकाय (संघीय/प्रादेशिक)

- सरोकारवालाहरूसँग परामर्श गरी नीति, रणनीति, ऐन, नियम तथा निर्देशिका तर्जुमा गर्ने, तिनमा समसामयिक सुधार गर्ने र तिनको कार्यान्वयनको लागि आवश्यक संयन्त्र तयार गर्ने।
